# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाज विकासको मूल आधार नै शिक्षा हो । औपचारिक शिक्षा आर्जन गर्ने थलोको रुपमा विद्यालयलाई मानिन्छ । विद्यालयमा नियमित रुपवाट सङ्गठित र योजनावद्ध ढङ्गले शिक्षा प्रदान गरिनुको साथै ज्ञान, सीप, धारणा तथा अनुभवरुपी ज्योतीद्वारा विद्यार्थीलाई आलोकित पार्ने गर्दछ । विद्यालय एउटा ज्ञान आर्जन तथा सीप विकास गर्ने थलो र माध्यम हो । यसका अतिरिक्त विद्यालयलाई सामाजिक, संस्कृतिक, मूल्य, मान्यता र आदर्शतालाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने एक सशक्त माध्यम हुनुका साथै तिनको संरक्षण सम्बर्द्धन गर्ने एक महत्वपूर्ण निकायका रुपमा लिइन्छ । विद्यालयले बालबालिकाको शैक्षिक, सामाजिक, शारीरिक, मानसिक, आर्थिक तथा संवेगात्मक विकासमा सहयोग पुऱ्याउँछ । वालवालिका एक सामाजिक प्राणी हुन् जसले गर्दा विद्यालयलाई विद्या आर्जन गर्ने समाजको पवित्र विद्यामन्दिर मानिन्छ ।

वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्ति पश्चात नेपालमा विद्यालय स्थापना हुन थाले । परिणाम स्वरुप वि.स. २००९ सालमा शिक्षा बोर्डको स्थापना भयो । यस शिक्षा बोर्डले एउटा शिक्षा योजना आयोग निर्माण गर्न तत्कालीन सरकार समक्ष सिफारिस गऱ्यो । यही बोर्डको सिफारिस अनुसार वि.स. २०१० साल चैत्र ९ गते सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । यस आयोगले वर्तमान शैक्षिक अवस्थाको अध्ययन गरी वि.स. २०११ सालमा तत्कालीन सरकार समक्ष प्रतिवेदन प्रस्तुत गऱ्यो । प्रतिवेदनले शैक्षिक व्यवस्थापनमा यथासम्भव विकेन्द्रीकरण गरिनुपर्ने सुझाव प्रस्तुत गरेको थियो ( अधिकारी, २०७२) । वि.स. २०१७ सालको राजनैतिक परिवर्तन पछि वि.स. २०१८ सालमा "सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८" गठन भयो । त्यसपछि पनि विभिन्न समयमा विभिन्न समिति तथा परिषदहरु वन्दै रहे । यिनै समिति तथा परिषदहरुका सुझावहरुलाई समेटेर एउटा छुट्टै योजना तर्जुमा गर्ने काम भयो । यस योजनाको नाम "राष्ट्रिय शिक्षा पद्धति योजना २०२८" रह्यो । यसले शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तनहरु ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरुको निर्धारण

पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक सङ्गठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरुमा उल्लेखनीय योजनाहरु प्रस्तुत गऱ्यो । विद्यालयको व्यवस्थापकीय कार्यहरु गर्न तथा विद्यालय सञ्चालनमा जनसहभागिता जुटाउन यस योजनाले विद्यालय सहयोग समितिको व्यवस्था गरेको पाइन्छ । वि.सं. २०४६ सालमा प्रजातन्त्र पुनः स्थापना भए पश्चात वि.सं.२०४६ फाल्गुण १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगलाई तत्कालीन शिक्षा मन्त्रीको अध्यक्षतामा २०४८ साल श्रावण १६ गते पुनर्गठन गरियो । यस पुनर्गठित आयोगका १६ जना सदस्यहरुको अथक प्रयास वाट २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ का नाममा यो प्रतिवेदन जनसमक्ष आयो । यस आयोगले शिक्षा विकासको ऐतिहासिक पृष्ठभूमिको आधारमा वर्तमान अवस्थाको समेत विश्लेषणात्मक अध्ययन प्रस्तुत गरी भविष्यमा लिइनु पर्ने नीति र चालिनुपर्ने  पाइलाहरुलाई सुझावको रुपमा प्रस्तुत गऱ्यो ।

वि.स. २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगको प्रतिवेदनमा विद्यालय तीन प्रकारमा विभाजन थियो । यस अन्तर्गत सार्वजनिक विद्यालय, निजिविद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने भनि सुझाव प्रस्तुत छ । सामुदायिक विद्यालयको परिभाषा उक्त आयोगको प्रतिवेदनमा यसरी दिइएको छ । "कुनै सङ्घ संस्था, समुदाय, विद्यालयमा कार्यरत शिक्षकहरु तथा विद्यालय स्थापनाका लागि उत्प्रेरित व्यक्तिहरु आदिको संयुक्त नेतृत्वमा सञ्चालित भएका विद्यालयहरुलाई सामुदायिक विद्यालय मान्नु पर्छ" (निरौला, २०६३) ।

नेपालको विद्यालय शिक्षाको संरचना कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षा, कक्षा ९ देखि १२ कक्षा सम्म माध्यमिक शिक्षा र त्यसपछि तीन वर्षे स्नातक तह, २ वर्षे स्नातकोत्तर तह, एक वर्षे एम.फिल. र दुई वर्षे विद्यावारिधि रहेको छ (सिंह, २०६६) ।

विद्यालय व्यवस्थापन समितिको कामहरु मध्ये एक काम विद्यालयको भौतिक पक्ष सुधार गर्नु पनि हो । एउटा शरीर बन्न विभिन्न तत्वहरुको आवश्यकता पर्दछ । त्यस्तै विद्यालय बन्न विभिन्न पक्षहरुको आवश्यकता पर्दछ । जस्तै आर्थिक पक्ष,भौतिक पक्ष, शैक्षिक पक्ष, आदि यस मध्येको भौतिक पक्षको प्रमुख भूमिका हुन्छ ।

भौतिक पक्ष भनेको एउटा शरीर ठड्याउन चाहिने तत्वहरुलाई बुझाउँछ त्यस्तै एउटा विद्यालय ठड्याउन चाहिने प्रमुख तत्वहरुलाई भौतिक पक्ष भन्ने वुझाउँछ त्यस्ता तत्वहरु जग्गा, भवन, कक्षाकोठा, फर्निचर, घेराबेरा, चर्पी, खेलमैदान इत्यादि । भौतिक पक्ष विद्यालयको अरु पक्ष सँग निकटतम सम्वन्ध राख्दछ । विद्यालयको भौतिक पक्षमा अस्तव्यस्तको कारण विद्यार्थीहरु विकर्षण हुनुको साथै गुणस्तरीय शिक्षा प्रदान गर्नमा व्यवधान उत्पन्न हुन्छ । अर्को शव्दमा विद्यालयको स्थापना, सञ्चालन गर्न न्यूनतम रुपमा चाहिने आवश्यक तत्वहरु भवन, जग्गा, कक्षाकोठा, फर्निचर, घेराबेरा, चर्पी, खेलमैदान र कार्यालय आदिको समष्टिगत रुप नै भौतिक पक्ष भनिन्छ । शिक्षकले विद्यार्थीहरुलाई उपयुक्त वैज्ञानिक, व्यवहारिक, ज्ञान, सिप र अभिवृति विकास गराउन आवश्यक पर्ने सुविधालाई भौतिक सुविधा भनिन्छ, (श्रेष्ठ र वस्न्यात २०६६) ।

सामान्यतय एउटा विद्यालय सञ्चालन, रेखदेख र नियन्त्रण, यस बारेमा चाँजोपाँजो मिलाउने, लेखाजोखा गर्ने, प्रारम्भिक निरीक्षण गर्ने र आर्थिक, भौतिक तथा प्रशासनिक पूर्वाधार खडा गराउने कार्यलाई विद्यालय व्यवस्थापन भन्न सकिन्छ ।

शैक्षिक व्यवस्थापन, प्रशासन भनेको सरोकारवालाको प्रयासमा सामञ्जस्यता स्थापित गर्ने र उपयुक्त सामग्रीहरुलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी र युवाहरुको विकासमा मात्र नभई वयस्क र विशेष गरी विद्यालयका सरोकारवालाहरुको विकासमा चासो राख्दछ । शिक्षा अनुसन्धानको शब्दकोष अनुसार शैक्षिक प्रशासन व्यवस्थापनमा शिक्षण एवम् सिकाइमा आधारित लक्ष्यहरु तथा नीतिहरुको विकासमा सहायता गर्न शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षण सिकाइ कार्यको सञ्चालन गर्ने, कर्मचारी र सामग्रीको व्यवस्था गर्ने कुराहरु समेत समावेश हुन्छन् । क्याम्वेलका अनुसार विद्यालयको कार्य सञ्चालनमा अरु व्यक्तिहरुको संलग्नता गराई कार्य सम्पन्न गराउन शैक्षिक व्यवस्थापन हो । विद्यालय व्यवस्थापन सम्वन्धी केही विद्वानका विचार समेतका आधारमा विद्यालय व्यवस्थापन भन्नाले निश्चित प्रकृया, कार्यक्रममुखी पद्धती, मानवीय स्रोत, विकास, पेशागत कार्य, व्यवस्थापकीय प्रकृया, स्रोत साधनको उपयोग, सर्वव्यापी प्रकृया, काम र व्यक्ति बीच सामन्जस्यता, समस्या समाधान र उद्देश्य प्राप्त गर्ने सामूहिक कार्य मान्न सकिन्छ । तोकिएको लक्ष्य प्राप्त गराउन एउटा

प्राज्ञिक थलोका रुपमा विकास गराउन गरिने सम्पूर्ण प्रयासको समष्टिगत रुप विद्यालय व्यवस्थापन हो । वर्तमान समयमा शैक्षिक व्यवस्थापनमा केन्द्रीय निकायले नीति तथा कार्यक्रमलाई कार्यान्वयनको जिम्मेवारी लिने र विद्यालय तहले वास्तविक रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी लिईएको जिम्मेवारीको ढाँचा हो । विद्यालय तह नै शैक्षिक विकासको प्रथम र महत्वपूर्ण निकाय भएको हुँदा विद्यालयको कुशल नेतृत्वको कार्यले सुचाररुपमा समग्र शैक्षिक व्यवस्थापन क्षेत्रमा प्रभाव पार्ने गर्दछ (सिग्देल, २०६२) ।

सामुदायिक विद्यालयको व्यवस्थापन समितिमा समुदायका विभिन्न तह तप्काका नागरिकहरुको प्रतिनिधित्व रहने व्यवस्था भई आएकोमा नेपाल सरकारले अङ्गिकार गरेको विकेन्द्रीकरणको अवधारणा बमोजिम शिक्षा ऐन २०२८ को सातौं संसोधन २०५८ मार्फत विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरुबाट छानिएका प्रतिनिधिहरु रहने प्रावधान राखी समुदायलाई अधिकार सम्पन्न बनाउने व्यवस्था भएको छ  (समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन, कार्य प्रणाली निर्देशिका २०६०) ।

विद्यमान काम, कर्तव्य र अधिकारलाई कायम गरी विद्यालय सञ्चालक समितिको सट्टा विद्यालय व्यवस्थापन समिति गरी नाम परिवर्तन गरियो (पौडेल, २०६३) ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार विद्यालय व्यवस्थापन समिति गठनको वर्तमान प्रकृयामा सुधार गरी पठनपाठनसँग प्रत्यक्ष सरोकार राख्ने अभिभावक, विद्यालयको स्थापना र विकासमा सेवा पुऱ्याउने स्थानीय व्यक्तिहरु समेत समावेश हुने गरी प्रजातान्त्रिक प्रकृयाबाट व्यवस्थापन समितिको गठन गरी त्यसलाई अधिकार सम्पन्न गराइयो (शर्मा, २०६६ बाट उद्धृत) ।

नेपालको शिक्षा क्षेत्रमा प्रबन्धकीय सङ्गठन अर्थात विद्यालय शिक्षा जनसहयोगबाट नै चलेको छ । विद्यालय व्यवस्थापन पक्षको इतिहास ज्यादै पुरानो नभए तापनि वि.स. २००७ सालमा प्राप्त प्रजातन्त्र पश्चात औपचारिक रुपमा विद्यमान विद्यालयहरुलाई व्यवस्थित वा सङ्गठित तवरले सञ्चालन गर्न प्रबन्धकीय

सङ्गठनको व्यवस्थापन गरेको पाइन्छ । त्यसताका नेपालमा शिक्षा केन्द्रीय सरकार र केही हदसम्म उत्तर भारतमा मान्यता दिने पटना विश्वविद्यालयको मातहतमा स्वतन्त्र रुपले सङ्गठित थियो । केन्द्रीय मन्त्रालयको नियन्त्रणको हद विद्यालयहरुलाई दिइएको आर्थिक सहायताको रकमबाट निश्चित गरिएको थियो । यस कुराको निश्चय गर्न विद्यालयहरुलाई तीन वर्गमा बाँड्न सकिन्छ : सरकारी विद्यालय अर्थात सम्पूर्ण केन्द्रीय सरकारबाट प्रबन्ध र सहायता गरिएका विद्यालय/पाठशालाहरु, पहिले स्वतन्त्र खुलेका तर अहिले कुनै प्रभावमा पुगेका र केन्द्रीय सरकारवाट केही परिमाणमा आर्थिक सहायता पाएका विद्यालय/पाठशालाहरु तथा प्रबन्ध र अर्थ दुवैमा स्वतन्त्र चलिरहेका स्वतन्त्र विद्यालयहरु । तत्कालीन समयमा सरकारी विद्यालय/पाठशालाहरु बाहेक अरु सारा शिक्षालयहरुले पढाइ शुल्क सङग्रहबाट पनि केही मद्दत पाउँदै थिए । शिक्षा मन्त्रीको मातहतमा शिक्षालाई हेर्ने एक शिक्षा सचिव, दुई उपसचिव, तीन सहायक सचिव आदिको एक समिति मन्त्रीय तहमा हुन्थ्यो । यिनका अतिरिक्त मुख्य सञ्चालक र दुई अरु सञ्चालक विद्यालय निरीक्षक तथा अन्य पदाधिकारीहरु थिए । सरकारको शैक्षणिक नीति र कार्यक्रम यो मन्त्रालयबाट निर्धारण र कार्यान्वयन गरिन्थ्यो । यस कार्यमा सहायता गर्न २० सदस्यहरुको एक राष्ट्रिय शिक्षा समितिको व्यवस्था गरिएको थियो । सम्वत २००९ मा एक निरीक्षक, तीन उपनिरीक्षक र आवश्यक अन्य सदस्यहरु सहित सात प्रादेशिक विभागमा यी विद्यालय/पाठशालाहरुको निरीक्षण र प्रबन्धको व्यवस्था गरिएको थियो । यी प्रादेशिक निरीक्षक र उनका उपनिरीक्षकहरु सहायक जनशिक्षा सञ्चालकप्रति उत्तरदायी हुन्थे । प्रत्येक सरकारी पाठशालाका प्रधानाध्यापक निरीक्षण अड्डा र प्रायः सल्लाह समिति भएको एक प्रबन्ध समितिप्रति जवाफदेही हुन्थे । प्रत्येक सरकारी सहायता प्राप्त विद्यालयका प्रधानाध्यापक र प्रबन्ध समिति निरीक्षण, सल्लाह र सरकारी रकमको हिसावका निम्ति जवाफदेही थिए । सरकारी सहायता प्राप्त गर्न विद्यालयहरुलाई आवश्यक निरीक्षण गर्नु पर्दथ्यो र आवश्यक निरीक्षणका लागि स्वतन्त्र विद्यालयहरुले पनि निवेदन गर्ने व्यवस्था थियो । यस्ता स्वतन्त्र विद्यालयहरुमा प्रबन्ध समितिले धेरै मात्रामा प्रबन्धकीय नियन्त्रण राख्दथ्यो । प्रबन्ध समिति प्रायः जसो ७ देखि १५ जना सम्म सदस्यहरुको हुन्थ्यो । यसमा शिक्षक, आमाबाबु, प्रधानाध्यापक र स्वतन्त्र गृहस्थी वा जनाउ मानिसहरु प्रतिनिधित्व गर्दथे ।

नेपालमा राजनैतिक परिवर्तनका साथसाथै जनतामा चेतना अभिवृद्धि भएकोले विद्यालयको आवश्यकता पनि बढ्न थाल्यो । दिनानुदिन विद्यालयहरु खुल्दै जान थाले । तर यसरी खुलेका सबै विद्यालयहरुले सरकारी अनुदान पाउने व्यवस्था भने थिएन । स्थानीय तवरले आर्थिक स्रोतको व्यवस्था गरी विद्यालयहरु सञ्चालित हुन्थे । विद्यालयको शिक्षक व्यवस्थापन, पाठ्यक्रम निर्धारण, आर्थिक स्रोत व्यवस्थापन, भौतिक व्यवस्थापन जस्ता सम्पूर्ण कुराहरु स्थानीय तवरमा दानवीरहरुको दान दातव्य, चन्दा वा धर्मभकारीको माध्यमबाट गरिन्थ्यो । विद्यालय सञ्चालनमा एकरुपता तथा पाठ्यक्रममा समानता थिएन । विद्यालय शिक्षाको राष्ट्रिय सञ्जाल विकास हुन सकेको थिएन । विद्यालय शिक्षालाई सङ्गठित गर्नका लागि राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि शिक्षा ऐन २०२८ अनुसार विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण आध्यावधिक गराई राख्ने भनी अधिकार प्रदान गरी १० जना सदस्य रहने विद्यालय सञ्चालक समितिको गठन गर्ने व्यवस्था गरियो । यसको पदावधि ३ वर्ष कायम गरियो । वि.स. २०३६ सालमा प्राथमिक विद्यालय सञ्चालक समितिमा ५ देखि ७ जनासम्म र अन्य विद्यालयको हकमा ९ देखि ११ जनासम्म रहने समितिको व्यवस्था गरिएको थियो । यस समितिमा विद्यालय संस्थापक, अभिभावक शिक्षा तथा समाजसेवी, चन्दादाता तथा जि.शि.अ. का प्रतिनिधिहरु रहने व्यवस्था गरिएको थियो । विद्यालय सञ्चालक समितिको पदावधि चार वर्ष रहेको थियो । यसको अध्यक्ष जिल्ला शिक्षा समितिले मनोनित गरेको व्यक्ति तथा सदस्य सचिव सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहने व्यवस्था थियो । भौतिक सुविधा जुटाउने, विद्यालयको सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्ने कार्यका साथै सञ्चालक समितिले शिक्षकको नियुक्ति, सरुवा, वढुवाको सिफारिस गर्ने तथा शिक्षकहरुलाई पुरस्कार र दण्ड दिने अधिकार पनि थियो (शर्मा, २०६६ बाट उद्वृत) ।

शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८ मा व्यवस्था गरी सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अगाडि सारेको छ । शिक्षा ऐन २०२८ को आठौं संसोधनमा शिक्षा अध्यादेशको दफा ११ (थ) मा सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा समुदायलार्य दिन सकिने र यस वापत प्रोत्साहन स्वरुप एकमुष्ठ अनुदान दिन सकिने व्यवस्था गरिएको छ (शिक्षा ऐन, २०२८) । २०६३ को संशोधन अनुसार स्थानीय निकाय वा व्यवस्थापन समितिले कुनै

सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा लिन चाहेमा आवश्यक कानुनी प्रकृयाहरु पूरा गरेमा जिम्मा दिन सकिने व्यवस्था गरिएको छ । यस समितिले शिक्षक नियुक्ति तथा त्यसरी नियुक्त गरिएको शिक्षकको बढुवा तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ (सिप्रेक केन्द्र, २०६४) ।

विद्यालय व्यवस्थापन समिति विद्यालयको निरीक्षण कार्यमा सघाउ पुऱ्याउने हिसावले गठन भए तापनि व्यवहारिक रुपमा विद्यालयको भौतिक सुधारमा प्रत्यक्ष सहभागिता रहन्छ भनी प्रमाणित भएको छ । शैक्षिक प्रकृयामा भौतिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयको भौतिक पक्ष अस्तव्यस्त भएमा विद्यार्थीहरुमा विद्यालयप्रति विकर्षण पैदा हुन्छ साथै गुणस्तरीय शिक्षामा अवरोध हुने गर्दछ ।

मौजुदा शिक्षा नियमावलीले विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने, विद्यालयलाई चाहिने आर्थिक स्रोत जुटाउने, विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने लगायतका विषयहरु विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारभित्र पर्ने निर्देश गरेको छ । यसबाट विद्यालयको भौतिक व्यवस्थापन एवं भौतिक सुधारको दायित्व विद्यालय व्यवस्थापन समितिको रहेको स्पष्ट हुन्छ ।

नेपालका सामुदायिक विद्यालयहरुको वर्तमान अवस्थालाई हेर्दा भौतिक रुपमा विद्यालयहरु अस्तव्यस्त रहेको देखिन्छ । धेरै विद्यालयहरुको भवन उपयुक्त नरहेको, शौचालयको उचित प्रबन्ध नभएको, उपयुक्त फर्निचरको व्यवस्था हुन नसकेको, खेलमैदानको उपयुक्त व्यवस्था नभएको, विद्यालयको घेरावारा नभएको अवस्था विद्यमान छ ।

विद्यालयको भौतिक व्यवस्थापन सुदृढीकरणका लागि नै विद्यालय व्यवस्थापन समितिको गठन गरिएको हुन्छ । जुन विद्यालयको विद्यालय व्यवस्थापन समिति सक्रिय हुन्छ त्यस विद्यालयको भौतिक पक्ष सबल हुन्छ । जुन विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिम्मेवारी बोध नभएको र निष्क्रियता हुन्छ त्यस विद्यालयको भौतिक पक्ष अस्तव्यस्त हुन्छ । विद्यालयको भौतिक निर्माण, संरक्षण र

सुदृढीकरण गर्न विद्यालयको व्यवस्थापन समितिको प्रमुख भूमिकाहरुको खोजी गर्नु प्रस्तुत शोधपत्रको मुख्य विषय रहेको छ ।

यसरी शिक्षा क्षेत्रमा ठूलो समस्याको रुपमा रहेको भौतिक अस्तव्यस्ततालाई मध्यनजर गरी भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिको भूमिकालाई विशेष प्राथमिकता दिई अध्ययन क्षेत्रमा देखिएका वास्तविक तथ्यलाई आधार मानेर यो शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

प्राथमिक विद्यालयबाट नै कुनै पनि बालबालिकाको प्रारम्भिक तथा औपचारिक शिक्षाको शुरुवात हुन्छ । यस तहका शिक्षण प्रभावकारी भए मात्र ती बालबालिकाको माथिल्लो तहको शिक्षण प्रभावकारी बन्न सक्छ । यसर्थ विद्यालय तहको शिक्षणलाई व्यवस्थित गर्न विद्यालयका भौतिक पूर्वाधारहरु भवन, कक्षाकोठा, फर्निचर, कार्यालय, शौचालय, खेल्ने चौर, पुस्तकालय, खानेपानी, प्रयोगशाला, फूलवारी, साइकल स्टेन्डलाई व्यवस्थित र आकर्षण बनाउनु पर्नेमा सो भइरहेको अवस्था छैन । विद्यालय व्यवस्थापन समितिले समुदायसँग सुमधुर सम्बन्ध राख्दै विद्यालयको भौतिक, आर्थिक व्यवस्थालाई सुदृढीकरण गर्न जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र र विद्यालय बीच सम्बन्ध बढाउनु पर्नेमा सो पनि उपयुक्त ढंगले भइरहेको छैन । उपरोक्त कार्यमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई सक्रिय बनाई कार्य गर्न प्रेरित गर्नका लागि र विद्यार्थी तथा विद्यालयको चौतर्फी विकास र उन्नति कसरी गर्न सकिन्छ भन्ने बारेमा अध्ययन गर्न प्रस्तुत शोधकार्यलाई अघि बढाइएको छ ।

विद्यालयको भौतिक सुविधा विस्तार नभई शैक्षिक गुणस्तरमा सुधार हुन कठिन पर्ने भएकाले उपयुक्त भौतिक व्यवस्थापनलाई आधारभूत सुविधाका रुपमा लिइन्छ । विद्यालयको भौतिक व्यवस्थापन सबल भएमा शैक्षिक क्रियाकलाप सञ्चालन सहज एवं प्रभावकारी हुन्छ । यस परिवेशमा विद्यालयको भौतिक सुविधा विस्तार एवं सुधार गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिको भूमिका तथा क्रियाशीलताको खोजी गर्नका लागि प्रस्तुत शीर्षक चयन गरिएको हो ।

विद्यालयको भौतिक पक्षको व्यवस्थापनमा विद्यालय व्यवस्थापनको भूमिका, क्रियाशीलता तथा प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गरिने प्रस्तुत शोधमा हाल विद्यालयको भौतिक सुविधा व्यवस्थापनमा देखिएका समस्याहरु - आर्थिक स्रोतको अभाव, विद्यालय व्यवस्थापन समितिको सक्षमताको प्रश्न, विद्यालय व्यवस्थापन समितिको लगाव र क्रियाशीलतााको प्रश्न उठिरहेको वर्तमान परिवेशमा उपर्युक्त प्रश्नहरुको निक्र्यौल गर्नु वाञ्छनीय भएकाले प्रस्तुत शोधपत्रमा उक्त प्रश्नहरुको बारेमा गहन अध्ययन अनुसन्धान गरी देखिएका कमी कमजोरीहरुलाई न्यूनीकरण गर्ने उपायहरुको समेत खोजी गरिएको छ ।

नेपालका आम सामुदायिक विद्यालयहरुको भौतिक अवस्था अत्यन्त कमजोर रहेको छ । अधिकांश विद्यालयहरुमा उपयुक्त कक्षाकोठाको अभावमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन प्रभावित बनेको छ । विद्यालय हाताको घेरावाराको अभावमा अधिकांश विद्यालयहरु असुरक्षित रहेका छन् । खेलमैदान, पिउने पानी, शौचालय जस्ता सुविधाहरुको अभाव सामुदायिक विद्यालयहरुमा सामान्य विशेषता रहेको पाइन्छ । कक्षाकोठाहरुमा विद्यार्थीको उमेर अनुसारका फर्निचर, उपयुक्त प्रकाश, कृयाकलाप गर्नका लागि आवश्यक स्थान जस्ता कुराहरुमा सामुदायिक विद्यालयहरुको अवस्था नाजुक रहेको पाइन्छ । पछिल्लो समयमा सरकारले सामुदायिक विद्यालयहरुमा समुदायलाई जिम्मेवार बनाउँदै लगेको तथा सामुदायिक विद्यालयमा सरकारी भूमिकालाई अनुदान वितरणमा सीमित राख्दै गएकाले सामुदायिक विद्यालयको उन्नयनमा समुदाय नै लाग्नु पर्ने अवस्था सिर्जना भएको छ ।

यस परिप्रेक्ष्यमा विद्यालयको शैक्षिक उन्नयनका लागि शिक्षण सिकाइ प्रक्रिया सहज रुपमा सञ्चालन गर्न भौतिक अवस्थामा सुधार हुनुपर्ने भएकाले सामुदायिक विद्यालयको भौतिक अवस्थालाई मुख्य समस्याको रुपमा लिई यो अध्ययन अनुसन्धान अगाडि बढाइएको हो । सामुदायिक विद्यालयमा समुदायको आधिकारिक प्रतिनिधित्वको रुपमा विद्यालय व्यवस्थापन समिति रहेको हुँदा विद्यालयको भौतिक सुविधा विस्तार गर्ने सवालमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई अध्ययन शीर्षका रुपमा चयन गरी शोध कार्य सम्पन्न गरिएको छ । प्रस्तुत अध्ययनमा विद्यालयको भौतिक अवस्था कमजोर रहनुका पछाडि के कस्ता कारणहरु रहेका छन्

तिनीहरुको खोजी गरी विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिको भूमिका सबल र प्रभावकारी बनाउन ठोस सहयोग पुग्ने कुरा समेत प्रस्तुत अनुसन्धानमा प्रमुखतामा रहेको छ ।

## १.३ अध्ययनको औचित्य

सामुदायिक विद्यालयहरुको भौतिक अवस्था कमजोर भई समयसापेक्ष ढंगले गुणस्तरीय शिक्षा प्रदान गर्न समस्या परिरहेको वर्तमान परिवेशमा विद्यालयको भौतिक अवस्थामा सुधार एवं परिवर्तन ल्याउन जिमेवार भूमिका निर्वाह गर्न सक्ने पक्षहरुको बारेमा अध्ययन अनुसन्धान गर्नु मुलुकको शैक्षिक विकासमा सहयोग पनि हुने भएकाले प्रस्तुत शोधको शीर्षक समयसापेक्ष तथा औचित्यपूर्ण हुने अपेक्षा गरिएको छ । प्रस्तुत अध्ययन अनुसन्धानले जीर्ण रहेको सामुदायिक विद्यालयहरुको भौतिक अवस्थामा सुधार ल्याउन जिम्मेवार पक्षहरु तथा तिनीहरुले खेल्नुपर्ने भूमिकाको बारेमा जानकारी पस्कने हुनाले यसले मुलुकको शैक्षिक विकासमा पुऱ्याउने सहयोग नै प्रस्तुत शोधको महत्व रहेको छ । यसबाट सम्बन्धित क्षेत्रका विद्यालयहरुका प्रधानाध्यापक तथा शिक्षकहरुलाई विद्यालयको भौतिक सुधार गर्न सहयोग मिल्दछ । विद्यालयको भौतिक सुविधा सुधार तथा विस्तार गर्न विद्यालय व्यवस्थापन समितिहरुलाई सहयोग पुग्दछ । त्यसै गरी सम्बन्धित क्षेत्रका योजनाकारहरुलाई शैक्षिक तथा विद्यालय भौतिक योजना तर्जुमा गर्न सहयोग पुग्दछ । यस क्षेत्रका नीतिनिर्माताहरुलाई शैक्षिक नीति निर्माणमा सम्बन्धित तथ्याङ्क उपलब्ध हुन्छ । यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुलाई सन्दर्भ सामग्रीको रुपमा सहयोग मिल्नेछ । सम्बन्धित विद्यालयहरुको शिक्षक, अभिभावक संघ र सरोकारवाला पक्षहरुलाई विद्यालयको भौतिक निर्माण पूरा गर्न आधार प्राप्त हुन्छ । यसका साथै भौतिक सुविधाले शैक्षिक कृयाकलाप सञ्चालन तथा त्यसको प्रभावकारितामा प्रभाव पार्ने भएकाले यसबाट शैक्षिक गुणस्तर अभिवृद्धिमा समेत सकारात्मक प्रभाव पर्दछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

प्रस्तुत अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. सामुदायिक विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिको भूमिकाको अवस्था पहिचान गर्नु,

२. भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिलाई प्रभाव पार्ने तत्वहरु खोजी गर्नु,

३. विद्यालयको भोतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिले भेल्नु परेका समस्याहरु पत्ता लगाउनु,

४. विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिले झेल्नुपरेका समस्या समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरू

शोधकार्य स्वभाविक रुपले अनुसन्धानमूलक हुने भएको र त्यस्ता अनुसन्धानबाट सम्बन्धित समस्याको समाधान गर्न उपयुक्त उपाय निकाल्न सकिने हुँदा यस्ता समस्याहरु समाधान गर्न सहज होस भन्ने उद्देश्यले केही अनुसन्धानका प्रश्नहरु तल प्रस्तुत गरिएको छ ।

१. विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिको कस्तो भूमिका रहन्छ ?

२. वर्तमान अवस्थामा विद्यालयको भौतिक पूर्वाधारको अवस्था कस्तो छ ?

३. विद्यालयको भौतिक अवस्थाले शिक्षणमा कस्तो प्रभाव पार्छ ?

४. शैक्षिक तथा भौतिक व्यवस्थापनमा सही नेतृत्व दिई सफल बनाउनका लागि के कस्ता उपायहरु अवलम्वन गरिनु पर्दछ ?

५. विद्यालयको भौतिक सुविधा विस्तारमा देखापरेका समस्याहरुको समाधानका उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन अनुसन्धानलाई झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरु मध्ये काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गत सञ्चालित प्राथमिक तह सञ्चालन गरेका पाँचवटा सामुदायिक विद्यालयहरुमा सीमित गरिएको छ । सामुदायिक विद्यदालयको समग्र पक्षको अध्ययन सम्भव नभएकाले प्रस्तुत अध्ययनमा विद्यालयको भौतिक सुविधा विस्तार पक्षमा अनुसन्धान गरिएको छ । विदालयको भौतिक सुविधा विस्तारमा विभिन्न पक्षहरुको भूमिका रहने भए पनि प्रस्तुत अध्ययनमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई मात्र उठाइएको छ । अध्ययनका लागि सम्बन्धित विद्यालयको

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थी र काँकरभिट्टा स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई अध्ययन क्षेत्रको जनसंख्या कायम गरिएको छ । विद्यालयको भौतिक पक्ष अन्तर्गत भवन, कक्षाकोठा, कार्यालय, शौचालय, पुस्तकालय, खेलमैदान, घेरावेरा र खानेपानी जस्ता पक्षको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन नमूना छनोटमा परेका उत्तरदाताहरुको सूचनाको आधारमा पूर्ण रुपमा तयार  पारिएको छ । प्रस्तुत अध्ययनमा विद्यालयको अन्तिम दुई वर्ष (२०७१ र २०७२) को तथ्याङ्कलाई मात्र समावेश गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

प्रस्तुत शोधपत्रको खोजमूलक अध्ययन अनुसन्धानमा पूर्व साहित्यको अध्ययन गर्न अर्थात आधारको रुपमा प्रयोग गर्न महत्वपूर्ण स्थान रहने हुन्छ । यस्ता सिद्धान्त पुस्तक, लेख, रचना, समीक्षा आदि पूर्व साहित्यलाई वर्तमानको अनुसन्धान विषयसँग सम्वन्ध र तुलना गरी समीक्षा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

दाहाल (२०६१) का अनुसार समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्य शैक्षिक विकेन्द्रीकरणको उत्तम अभ्यास हो । समुदायमा विद्यालय हस्तान्तरण कार्यक्रम प्रजातन्त्रको अभ्यास हो । शैक्षिक प्रजातान्त्रिकरण र शैक्षिक विकेन्द्रीकरण एकै सिक्काका दुई पाटा हुन् । विकेन्द्रीकरण भनेको अधिकारको निक्षेपण र अधिकार प्रत्यायोजन गरी शिक्षामा सरोकारवालाहरुलाई जवाफदेही र उत्तरदायी बनाउने कार्य नै हो । शिक्षकहरु प्रजातन्त्रको विपक्षमा पक्कै छैनन् । प्रजातन्त्रलाई आत्मासात गरेका छन् भने विकेन्द्रीकरणको प्रकृयालाई असहमति जनाउन विद्वान शिक्षकले पाउने छैनन् । लेख अनुसार शिक्षकहरुले राज्य शिक्षाको दायित्वबाट आफू अलग हुन खोजिरहेको शिक्षामा राजनीतिकरण भई शिक्षकले दुःख पाउने र पठनपाठनमा वाधा पुगी गुणस्तरमा कमी आउन सक्ने भएकाले असहमति जनाएको पाइन्छ । लेखमा शिक्षकलाई इङ्गित गर्दै समुदायमा विद्यालय हस्तान्तरण कार्य विकेन्द्रीकरणको विरुद्धमा र प्रजातन्त्रको विरुद्धमा छ भने सम्बन्धित पक्षलाई प्रष्टयाउन र प्रजातन्त्र र विकेन्द्रीकरणको पक्षमा छ भने कार्यक्रमलाई सहयोग गर्न आग्रह गरिएको छ (दाहाल, २०६१) ।

प्रस्तुत लेखले विद्यालयको जिम्मेवारी समूहमा हस्तान्तरण गर्ने सरकारी व्यवस्थाको पक्षमा तर्कहरु अगाडि सारे पनि व्यवस्थापन समितिले निर्वाह गरेको भूमिका बारे कुनै चर्चा गरेको पाइँदैन । प्रस्तुत शोध विद्यालयको भौतिक सुविधा विस्तारसँग व्यवस्थापन समिति अर्थात समुदायलाई सम्बन्धित गराउनमा केन्द्रित रहेको छ ।

सिन्हा (२०६२) का अनुसार मानव अधिकार, बाल अधिकार, महिला अधिकार वा शैक्षिक अधिकार तथा सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा र प्रतिवद्धताहरुले गर्दा शिक्षाप्रति बढ्दो जनआकांक्षा तथा जनचाहना परिपूर्ति गर्ने काम राज्य स्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई गाउँ नगरसम्म पुऱ्याउनु विकेन्द्रित शैक्षिक योजना र व्यवस्थापनको टड्कारो आवश्यकता आज विश्वभरि नै देखिएको छ । विकेन्द्रीकरणको औचित्य संस्थागत सुधार, विद्यालयलाई जनताको नजिक ल्याउनु, अपेक्षित उद्देश्यहरुलाई सुनिश्चित गर्नु हो । यसको लागि तल्लो निकायको स्वरुप निर्धारण विधि, स्थानीय शासन, सशक्तिकरण विधि, समुदाय वित्तीयविधि, मागमा आधारित वित्तीय विधि, क्षेत्रमा आधारित व्यवस्थापन, पाठ्यक्रम सुधार विधि र दुई ध्रुवीय विधिबाट शासन गर्नुपर्ने कुरा लेखले औल्याएको छ । केन्द्रीय स्तरको निर्णयले स्थानीय आवश्यकता र चाहनालाई समेट्न सक्दैन । प्रत्येक समुदायको आफ्नै भौगोलिक किसिमको अवस्थिति, सामाजिक संरचना, आर्थिक बनौट, शैक्षिक स्थिति र विशेषता हुन्छन् । सोही विशेषता अनुरुप नै शैक्षिक आवश्यकता र कार्यक्रममा विविधता ल्याई शासन गर्नु पर्दछ । शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी यावत प्रकृयामा सरोकारवालाहरुको पूर्ण सहभागिता र जवाफदेहिताको प्रारुप राज्यले सुनिश्चित गरिदिनु पर्छ भन्ने लेखको ठहर रशेको छ (सिन्हा, २०६२) ।

प्रस्तुत लेखले विकेन्द्रीकरणका सकारात्मक पक्षहरु उजागर गरेको भए पनि त्यसको प्रयोगात्मक पक्ष अर्थात विकेन्द्रित शक्तिको उपयोग पक्षमा मौन देखिएकाले शक्ति विकेन्द्रीकरणको उपजका रुपमा विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिको भूमिकालाई प्रस्तुत अध्ययनको केन्द्रविन्दुमा राखिएको छ ।

सुवेदी (२०६०) का अनुसार २०६० साल पौष १८ गते सम्म नेपाल अधिराज्यका ३६ जिल्लामा ५५३ वटा सामुदायिक विद्यालयका प्राथमिक तहको व्यवस्थापन समुदायमा हस्तान्तरण भइसकेको छ । लेखमा विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा स्थानीय वातावरण, आवश्यकता  र समस्याअनुसार कस्तो ज्ञान, सीप, बालबालिकालाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनुपर्ने निष्कर्ष दिइएको छ । यसबाट स्वस्थ्य प्रतिस्पर्धा हुन गई गुणस्तरीय

शिक्षाको पहुँच हुनेछ जसमार्फत शैक्षिक क्षति कम हुन गई सामुदायिक विद्यालयप्रति अपनत्व वढ्ने एवम् सञ्चालनमा सहजता आउने कुरा उल्लेख छ (सुवेदी २०६०) ।

प्रस्तुत लेखले विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट व्यवस्थापकीय पक्षमा सुधार हुने कुरा उल्लेख गरेको भए तापनि विद्यालयको भौतिक सुविधा विस्तारका क्षेत्रमा व्यवस्थापन समितिको भूमिका बारे कुनै उल्लेख भएको पाइएन । प्रस्तुत शोध अध्ययनमा विद्यालयको भौतिक सुविधाको क्षेत्रमा व्यवस्थापन समितिको भूमिकाको खोजी गरिएको छ ।

खनाल (२०६१) का अनुसार विकासका आयाम फरक प्रकारका छन् । सुधार भनेको अग्रगमन हो । परिवर्तित समाजलाई अग्रगमनमा लैजाने माध्यम नै शिक्षा हो । नेपालले सहस्राब्दी विकासको लक्ष्य के बनाउने ? र यसमा कसरी पुग्ने ? भन्नेमा लेख केन्द्रित छ । शिक्षा विकासको प्रयासलाई केलाउँदा प्राथमिक तहमा खुद भर्नादर ८२.४ प्रतिशत पुगेको, करिव ८८ प्रतिशत बालबालिकालाई आधा घण्टाभन्दा बढी हिंड्नु नपर्ने, महिला शिक्षक संख्या २६ प्रतिशत पुगेको, स्रोत कार्यान्वयन गर्ने ईकाइसँग सोझै आवद्ध गरिएको वर्तमान अवस्था छ । सन् २०१५ सम्म खुद भर्नादर ९० प्रतिशत पुग्न गाह्रो हुने, अझै ४६.३ प्रतिशत जनसङ्ख्या निरक्षर रहेको र विद्यालय छाडने दर उच्च रहेको उल्लेख छ । साक्षरता सम्बन्धी सबै कार्यक्रम गा.वि.स./न.पा. लाई जिम्मा दिने भनिए पनि लिन दिन हिच्किचाई रहेका  र हरेक स्थानीय निकायमा साक्षरताको आधार विन्दु मानेर वार्षिक लक्ष्य निर्धारण गर्न नसकिरहेको हुँदा सहस्राब्दी विकास लक्ष्य हासिल गर्न प्राथमिक तहमा निकै कसरत गर्नुपर्ने लेखको सुझभाव रहेको छ । लेखले सहस्राब्दी विकास लक्ष्यको गन्तव्यमा पुग्न नेपालले निश्चय नै कठोर परिश्रम गर्नुपर्ने तथा सरकारले सहजकर्ता मात्रै नबनी समुदायलाई सक्षम बनाउने कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्नुपर्ने कुरा औंल्याएको छ । स्रोतको निरन्तरता, सरकारी एवम् राजनैतिक दलको प्रतिवद्धता, गैरसरकारी संस्थाको संलग्नता र समुदाय सशक्तिकरणको माध्यमबाट अगाडी बढेमा लक्ष्य हासिल हुने उल्लेख छ (खनाल, २०६१) ।

लेखले सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि सरकार, समुदाय, गैर सरकारी संस्थाहरु तथा राजनैतिक दल समेतको प्रयत्नको खाँचो रहेको निष्कर्ष

निकालेको भए पनि सम्बद्ध पक्षको अलग अलग भूमिकाको बारेमा कुनै उल्लेख नगरिएकाले प्रस्तुत अध्ययन प्रमुख जिम्मेवार पक्ष समुदाय अर्थात व्यवस्थापन समितिको भूमिकामा केन्द्रत रहेको छ ।

बरुवाल (२०५६) ले गरेको अध्ययन अनुसार प्रधानाध्यापकहरुले विद्यालयको शिक्षण सिकाइमा निर्वाह गरेको भूमिका सन्तोषजनक रहेको, शिक्षा नियमावलीमा उल्लेख गरिएको प्रधानाध्यापकको काम, कर्त्तव्य र अधिकार तथा विद्यालयमा कार्यान्वयनको अवस्थामा फरक पाइएको, शैक्षिक योजना तथा व्यवस्थापनको पक्षमा सरकारी विद्यालय भन्दा निजी विद्यालयहरु अगाडि रहेको उल्लेख छ । यसको अर्थ प्र.अ. को भूमिका प्रभावकारी नभएकोले विद्यालय शिक्षाको गुणस्तरमा कमी आएको निष्कर्ष निकाल्न सकिन्छ ।

विद्यालयको शिक्षाको गुणस्तर वृद्धिका लागि प्र. अ. को भूमिका महत्वपूर्ण हुने भएको हुँदा उक्त पदको जिम्मेवारी दिँदा उचित सोचविचार पुऱ्याउनु पर्ने, प्रधानाध्यापकहरुको क्षमता विकासका लागि छोटो र लामो अवधिका तालिम कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, प्रधानाध्यापकहरुले शिक्षा ऐन नियमावली तथा नीति निर्देशनहरुलाई आत्मसात गरी कार्य गर्नु पर्ने, तालिमको प्रभावकारी कार्यान्वयनका बारेमा निरन्तर अनुगमन र मूल्याङ्कन गर्नु गराउनु पर्ने, उचित र प्रभावकारी विद्यालय प्रशासन विकासका लागि प्रोत्साहन र दण्डको समेत व्यवस्था आवश्यक मात्रामा गरे उचित हुने, सम्वद्ध सरकारी निकायले शिक्षासँग सम्वद्ध ऐन नियमावली तथा नीति निर्देशनहरुमा समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने, प्रधानाध्यापकहरुलाई विद्यालयको व्यवस्थापनका लागि बढी जिम्मेवार र उत्तरदायी बनाउन उनीहरुलाई बढी स्वायत्तता दिइनु पर्ने सुझाव प्रस्तुत गरेको छ (बरुवाल, २०५६) ।

निरौला (२०६२) ले सरकारी विद्यालयको व्यवस्थापन समुदायद्वारा हुँदा शैक्षिक विकास एवम् गुणस्तरमा आउने सुधार अध्ययन गर्ने, विद्यालय समुदाय बीचको सम्बधमा अध्ययन, विद्यालयको भौतिक सुधारको जाँच गर्ने, समुदायले आफ्नो दायित्व तथा जिम्मेवारीलाई वहन गर्न सक्ने नसक्ने कुराको जाँच गर्ने साथै कमी कमजोरीहरुको सुधार गर्न सुझावहरु प्रस्तुत गर्ने उद्देश्यले गरेको शोध अध्ययनका अनुसार समुदायद्वारा विद्यालयको व्यवस्थापन भएपछि विद्यालयका शैक्षिका प्रगतिका

सूचाङ्कहरुमा उच्च प्रगति दर कायम भएको देखिन्छ । यसका साथै विद्यालय समुदायको सम्बन्ध बलियो भएको, विद्यालयप्रति समुदायको अपनत्वको भावना बढेको विद्यालयको भौतिक अवस्थामा सुधार हुन सकेको, पिछडिएको जाति, जनजाति, दलित, उत्पीडित वर्गका छात्र छात्राहरु लाभन्वित हुन सकेको जस्ता राम्रा प्रभावहरु देखिएका छन् । त्यसै गरी नराम्रा प्रभावहरु अन्तर्गत समुदायको पूर्ण व्यवस्थापकीय कार्यकुशलता नभएको, विद्यालय व्यवस्थापन समिति सर्वेसर्वा हुन खोजेको, विद्यालयमा राजनैतिक चलखेल बढेको, शिक्षकमा पेशागत सुरक्षाप्रति शङ्का उत्पन्न भएको, सरकार आफ्नो दायित्वबाट पन्छिन खोजेको महशुस सम्बन्धित पक्षले गरेको जस्ता प्रभावहरु देखिएको उल्लेख छ (निरौला, २०६२) ।

## २.२ सैद्धान्तिक खाका

एफ. डब्ल्यु. टेलर (१८५६) ले कामदारको कार्यदक्षता बढाएर उत्पादन बढाउन सकिने कुरामा जोड दिई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरका छन् । यसरी सानो तहबाट माथिल्लो तहसम्म पुगेका आफ्नो अनुभव, कम्पनीमा गरेका कामहरु, व्यवस्थापनका पक्षहरु, कामदारको कार्यप्रगति र उत्साह, जागरुकता, अल्छिपना, कामदारको क्षमताको उपयोग र आकर्षण जस्ता कुराको यसलाई प्रत्यक्ष प्रभाव पारिरहेको थियो । उनले १९११ मा "The Principle of Scientific Management" भन्ने  पुस्तक मार्फत वैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिपादन गरे । उनको उक्त पुस्तकमा Science of Shoveling Bicycle Factory, Functional org., Piece waye system, Motivation, Training, Human relation जस्ता पक्षलाई विशेष जोड दिए । वास्तवमा वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कला हो । यसले अवलोकन, मूल्याङ्कन, परीक्षण र निचोड जस्ता तत्वहरु समावेश गरेका छन् साथै परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु वैज्ञानिक ढङ्गबाट कामदारको छनोट गर्नु, व्यवस्थापक र कामदार बीच सम्बन्ध स्थापित गर्नु वैज्ञानिक ढाँचाले ज्याला निर्धारण र स्पष्ट रुपमा कार्य विभाजन गर्नु यसका सिद्धान्तहरु हुन् । यस सिद्धान्तलाई Frank Bilbreth, Henry L. Gantt , Emerson आदिले समर्थन र सहयोग गरेका छन् (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

प्रस्तुत अध्ययनमा टेलरको सिद्धान्तलाई आधारका रुपमा लिई विद्यालय व्यवस्थापनका विभिन्न पक्षहरुको छनोट र कार्यशैलीलार्य विश्लेषण गर्न उपयोग गरिएको छ ।

हेनरी फोयल (१८४१-१९२५) का अनुसार व्यवस्थापनको प्रकृया, पद्धति र कार्यको आधारमा यो सिद्धान्त विकसित गरिएको छ । फ्रान्सको बिग्रँदो स्थितिमा रहेको कोइला खानीलाई सफल व्यवस्थापन नेतृत्व प्रदान गरी उनले रोमाञ्चकारी इतिहास नै बनाइ दिए । आफ्नो ५० वर्षको व्यवस्थापन अनुभवको आधारमा व्यवस्थापकहरुलाई स्पष्ट मार्गनिर्देशन गर्न र व्यवस्थापन अभ्यासलाई व्यवस्थित गर्न उनले ठूलो योगदान दिए । यसले व्यवस्थापनका कार्यलाई POCCC (Planning, Organizing, Commanding, Co-ordinating, Controlling) को रुपमा प्रस्तुत गरे । यसको क्रियाकलापहरु प्राविधिक, वाणिज्य, वित्तीय, सुरक्षा, लेखा व्यवस्थापकीय आदि हुन् । त्यसै गरी व्यवस्थापनका सिद्धान्तमा कार्य विभाजन अधिकार र दायित्व, अनुशासन, आदेशमा एकता, सामूहिक कल्याण, केन्द्रिकृत, क्रमवद्धता, निष्पक्षता, जागिरको स्थायित्व, प्रोत्साहन र सहयोगको भावना आदिलाई प्रतिपादन गरेको हुन् । यस सिद्धान्तलाई E.F.C. Brich, S.P. Robbins, Theo Haimany, Aliver Seldom जस्ता विद्वानहरुले योगदान पुऱ्याएका छन् (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

फोयलको सिद्धान्तलाई प्रस्तुत शोध अध्ययनमा विद्यालय व्यवस्थापनका विभिनन पक्षहरु बीच आपसी सम्बन्ध र समन्वयको विश्लेषणमा आधारका रुपमा लिइएको छ ।

म्याक्स वेबर (१८६४-१९२०) ले चर्च, सैनिक, सरकारी र व्यपारिक क्षेत्रको स्थापना तथा त्यसको आन्तरिक संरचनामा महत्वपूर्ण पक्षलाई अध्ययन गरी कर्मचारीतन्त्र व्यवस्थापन सिद्धान्तको प्रतिपादन गरेका थिए । कर्मचारीतन्त्र व्यवस्थापनले आधुनिक समकालीन सङ्गठनात्मक सिद्धान्तको आधारशिला खडा गरको छ । कर्मचारीतन्त्रमा तलदेखि माथिसम्मको कर्मचारीको स्तर, पद, अधिकार र दायित्वको किटान हुनुपर्ने कुरामा जोड दिइयो । त्यो आदेश सङ्गठन नै कर्मचारीतन्त्र हो जसको क्रियाकलाप र उद्देश्यहरु विवेकपूर्ण ढङ्गबाट सोचिएको हुन्छ र सुव्यवस्थित ढङ्गले कार्य विभाजन गरिन्छ । गुणस्तरीयता र योग्यताका आधारमा

कर्मचारीको कार्य सम्पादनको निष्पक्ष मूल्याङ्कन गर्नुपर्छ । सङ्गठनमा उच्चस्तरको इमान्दारिता कायम गरेर प्राविधिक दक्षता र क्षमताको आधारमा सङ्गठनको विकास गर्नुपर्ने धारणा यस सिद्धान्तले राखेको छ । यस सिद्धान्तका विशेषताहरु यसप्रकार रहेका छन् । श्रम विभाजन, अधिकारको विभाजन, कर्मचारीका सामूहिक तथा वैयक्तिक भूमिका, संस्थागत भूमिका, प्राविधिक क्षमता, कार्यविधिको व्यवस्था, निष्पक्ष र स्पष्ट वैयक्तिक सम्बन्धको स्थापना, नियम र कार्य पद्धति स्पष्ट रुपमा परिभाषित गर्नु, पद्धति, प्रकृया र कार्यस्थिति अनुसार व्याख्या गर्नु आदि (कोइराला र श्रेष्ठ, २०६२ बाट उद्धृत) ।

प्रस्तुत अनुसन्धानमा वेरको सिद्धान्तलाई विद्यालय व्यवस्थाप समितिका पदाधिकारीहरु बचि कार्य विभाजन एवं व्यवस्थापन समितिको कार्यशैलीको विश्लेषण गर्न उपयोग गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्राथमिक विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिको भूमिका विषयसँग सम्बन्धित अध्ययन अनुसन्धानको समीक्षा गरी त्यसको आवश्ययक पृष्ठपोषण लिएर प्रस्तुत शोध सामग्री तयार पारिएको छ र यस अध्ययन अनुसन्धानले विद्यालयका व्यवस्थापन समितिहरुलाई भौतिक सुधार गर्न सहयोग पुग्नेछ । विद्यालयमा भौतिक पक्षको अभावले शैक्षिक गुणस्तरमा पर्ने प्रभावहरुको खोजी गरी समस्याको हल गर्ने उपायहरुको प्रस्तुत गरिएकाले यसबाट विद्यालय प्र.अ. तथा शिक्षकहरुसँग समुदाय र विद्यालय व्यवस्थापन समितिको सम्बन्ध प्रगाढ बनाउँदै विद्यालयप्रतिको दायित्व तथा जिम्मेवारीको बोध गराई विद्यालयको वृत्ति विकासमा सहयोग पुग्न सक्दछ । जीर्ण रहेका विद्यालयको भौतिक पूर्वाधारहरुलाई मर्मत गर्न, निर्माण गर्न, प्र.अ. लाई स्रोत जुटाउने उपायहरु अवगत गराउँदछ । त्यस्तै भौतिक योजनाकार र शैक्षिक नीति निर्मातालाई पनि यो अध्ययन अनुसन्धानले विद्यालयको भौतिक सुविधा विस्तार सम्बन्धी योजना तथा नीति बनाउन आधार प्राप्त हुन्छ । विद्यालय व्यवस्थापन सम्बन्धी र भौतिक निर्माण सम्बन्धी अध्ययन गर्ने अध्ययन अनुसन्धानकर्त्तालाई तथ्याङ्क उपलब्ध गराउँछ र आधारको रुपमा प्रयोग गर्न सकिन्छ ।

विभिन्न विद्वानहरुका सिद्धान्त र सम्बन्धित लेख, रचनाले सर्वप्रथम विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारको बारेमा जानकारी गराउन सहयोग पुऱ्याएका छन् । यस शोधपत्रको अध्ययनले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई विद्यालयका हरेक काम कारवाहीमा प्रत्यक्ष सहभागिताका लागि नयाँ आयाम थप्न जान्छ । यिनीहरुले विद्यालयमा हुने गरेका परीक्षा सञ्चालनमा अनुगमन, भवन, शौचालय, खानेपानी, घेरावेरा, फर्निचर, मर्मत आदिको निर्माण कार्यमा प्रत्यक्ष सहभागिता जनाउन उत्सुक हुन्छ । यति मात्र होइन विद्यालय व्यवस्थापन समितिले विद्यालय सेवाक्षेत्रका समुदायसँग सम्बन्ध भएकोले भौतिक निर्माणका लागि समुदायलाई सक्रिय बनाउने कार्य गर्दछ । अर्थात माथिको सिद्धान्त र साहित्यको अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको भौतिक सुधारको आवश्यकता किन पर्दछ ? विद्यालयको भौतिक सुधारका लागि के के प्रयासहरु अवलम्बन गर्नुपर्छ ? भन्ने कुराको  अवगत गराई विद्यालयको चौतर्फी विकासमा टेवा पुऱ्याउने कार्य गर्न सक्दछ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई जिल्ला शिक्षा कार्यालय र सरोकारवालाहरुसँग समन्वय गरी विद्यालयको भौतिक सुधारमा ध्यान आकर्षण बढाउन सक्दछ अर्थात विद्यालय व्यवस्थापन समितिले विद्यालय र समुदाय बीच पुलको रुपमा कार्य गर्न सक्दछ ।

# परिच्छेद तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानबाट प्राप्त गर्न खोजिएको उद्देश्य हासिल गर्न अनुसन्धानकर्ताले अध्ययनको प्रकृति अनुसारको अनुसन्धान ढाँचा अपनाउनु पर्ने हुन्छ । बढी तथ्यपरक र गुणात्मक नतिजा प्राप्त गर्न अनुसन्धान ढाँचा उपयोग एवम् व्यवहारिक हुनु आवश्यक छ । प्रस्तुत शोधपत्रमा गुणात्मक र परिमाणत्मक दुवै प्रकृतिका तथ्याङ्क समावेश गरिएको भए तापनि मुलतः शोधपत्र गुणात्मक ढाँचामा आधारित छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

### ३.२.१ जनसंख्या

प्रस्तुत अध्ययन अनुसन्धानको पूर्ण जनसंख्याको रुपमा झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरु मध्ये काँकरभिट्टा स्रोतकेन्द्र तथा उक्त स्रोतकेन्द्र अन्तर्गत सञ्चालित आधारभूत (प्राथमिक) तह सञ्चालन गरेका २० वटा सामुदायिक विद्यालयहरु, तिनमा कार्यरत प्रधान अध्यापकहरु, शिक्षकहरु, तिनको विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभभावक संघका अध्यक्षहरु, तिनमा अध्ययनरत विद्यार्थीहरु तथा उक्त स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई लिइएको छ ।

उक्त जनसंख्या मध्ये झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्रलाई अध्ययनकर्ताको सुविधा एवम् पहुँचका दृष्टिले छनोट गरिएको छ । उक्त स्रोतकेन्द्र अन्तर्गत प्राथमिक तह सञ्चालन गरेका विद्यालयहरु मध्ये सम्भावनायुक्त नमुना छनोट विधिबाट ५ वटा विद्यालयहरु छनोट गरिएको छ । नमुनामा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु तथा काँकरभिट्टा स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको छ भने शिक्षकहरु तथा विद्यार्थीहरुको छनोट सम्भावनायुक्त नमुना छनोट विधिबाट गरिएको छ ।

### ३.२.२ नमुना छनोटको आधार

झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गत सञ्चालित प्राथमिक तह सञ्चालन गरेका सामुदायिक विद्यालयहरु मध्ये ५ वटा विद्यालयहरुलाई अध्ययनको नमुनाको रुपमा लिई ती प्रत्येक विद्यालयका प्रधान अध्यापक, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभभावक संघका अध्यक्ष, तिनमा अध्ययनरत विद्यार्थीहरु तथा उक्त स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई छनोट गरिएको छ ।

### ३.२.३ नमुनाको आकार

झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गत सञ्चालित प्राथमिक तह सञ्चालन गरेका सामुदायिक विद्यालयहरु मध्ये ५ वटा विद्यालयहरुलाई अध्ययनको नमुनाको रुपमा लिई ती प्रत्येक विद्यालयका प्रधान अध्यापक १ जनाका दरले ५ जना, शिक्षकहरु १ जनाका दरले ५ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १ जनाका दरले ५ जना, शिक्षक अभिभभावक संघका अध्यक्ष १ जनाका दरले ५ जना, तिनमा अध्ययनरत विद्यार्थीहरु प्रत्येक विद्यालयबाट ४ जनाका दरले २० जना तथा उक्त स्रोतकेन्द्रका स्रोतव्यक्ति १ जनालाई छनोट गरिएको छ । यसरी अध्ययनमा कुल ४१ जनाको नमुना जनसंख्या रहेको छ ।

## ३.३ तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययनमा आवश्यकता अनुसार प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट तथ्याङ्क सङ्कलन गरी प्रयोग गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत नमुना जनसंख्यामा समावेश गरिएका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष तथा विद्यार्थीहरुबाट प्रश्नावली, अवलोकन फाराम, प्रत्यक्ष भेटघाट एवं कुराकानी तथा छलफलबाट समेत तथ्याङ्क सङ्कलन गरी प्रयोग गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

द्वितीय स्रोत अन्तर्गत प्रस्तुत अनुसन्धानका लागि विद्यालयमा रहेका विभिन्न अभिलेखहरु, पुस्तक पत्रिका, जर्नल आदिलाई प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरी प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

### ३.४.१ प्रश्नावली

प्रस्तुत अध्ययनमा नमुनामा परेका विद्यालयका प्रधानाधयापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु, विद्यार्थीहरु तथा स्रोतव्यक्तिहरुका विचार तथा धारणाबाट तथ्याङ्क सङ्कलन गर्नका लागि प्रश्नावलीको उपयोग गरिएको छ ।

### .४.२ अवलोकन फारम

अध्ययनकर्ता स्वयम्ले विद्यालयका विविध भौतिक पक्षको बारेमा जानकारी लिनका लागि अवलोकन फारामको निर्माण गरी उपयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

नमुना छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ता स्वयम् गई प्रधानाध्यापकसँगको सम्पर्क र कुराकानीबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षसँग सम्पर्क गरियो । प्रत्यक्ष भेटघाटमा शोधको उद्देश्य र प्रक्रिया बारे स्पष्ट पारी आवश्यक तथ्याङ्क सङ्कलन गरियो । प्रधानाध्यापकको अनुमति लिई उक्त विद्यालयका शिक्षक र विद्यार्थीसँग सम्पर्क  गरियो र शोधको उद्देश्य र प्रक्रिया बारे प्रष्ट पारियो । नमुना जनसंख्यासँग व्यक्तिगत कुराकानीबाट अध्ययनको उद्देश्य तथा औचित्य बारे स्पष्ट पारी प्रश्नावली मार्फत आफ्ना धारणा राखिदिन अनुरोध गरी प्रश्नावली भराइयो । त्यसरी नै स्रोतव्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षसँग समेत व्यक्तिगत सम्पर्क गरी प्रश्नावली मार्फत जानकारी र धारणा उपलब्ध गराइदिन आग्रह गरियो  प्रश्नावली भराई तथ्याङ्क सङ्कलन गरियो । विद्यालय भ्रमण गरेको समयमा प्रधानाध्यापकको अनुमतिले विद्यालयका विविध भौतिक पक्षहरुको अवलोकन गरी अवलोकन फाराम भरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सङ्कलित तथ्याङ्कलाई त्यसको प्रकृति हेरी प्रस्तुत गरिएको छ । बन्द प्रश्नावली, रुजुसूची, संरचित बन्द प्रश्नावली जस्ता साधनहरुको माध्यमबाट प्राप्त परिमाणात्मक तथ्याङ्कलाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । अन्तरवार्ता, लक्षित समूह छलफल, बहस जस्ता साधनहरुको सहयोगबाट सङ्कलित गुणात्मक तथ्याङ्कलाई शाब्दिक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको छलफल

विद्यालयको शैक्षिक तथा भौतिक अवस्था देखाउने सूचनाको आधारमा विद्यालयको शैक्षिक तथा भौतिक प्रगति बारे जानकारी हासिल गर्न सकिन्छ । प्राथमिक विद्यालयहरुको दुई वर्षको भौतिक सुविधा विस्तारका गतिविधिहरुलाई यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयवधिमा सङ्कलित तथ्याङ्कहरुबाट देखाएको परिवर्तनको आधारमा प्राथमिक विद्यालयहरुको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिको भूमिका बारे आँकलन गर्न सकिन्छ । यसका लागि अवलोकन फारामबाट भौतिक सुविधा विस्तारका सूचाङ्कहरुको तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनको प्रमुख स्रोतहरु विद्यालय अभिलेख तथा प्रश्नावली रहेका छन् ।

## ४.१ भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिको भूमिकाको अवस्था

विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिको भूमिकाको वर्तमान अवस्थालाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

### ४.१.१. आर्थिक स्रोत व्यवस्थापन

विद्यालयको भौतिक सुविधा विस्तार गर्ने क्रममा पहिलो शर्तको रुपमा रहेको आर्थिक व्यवस्थापनका लागि छनोट भएका विद्यालयहरुका व्यवस्थापन समितिले खेलेका भूमिकालाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**आर्थिक स्रोतको खोजी**

भौतिक सुविधा विस्तार गर्नका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन विद्यालय व्यवस्थापन समितिले गर्नु पर्दछ । विद्यालयको भौतिक सुविधाको विस्तारका लागि कति परिमाणमा आर्थिक स्रोतको आवश्यकता पर्दछ र सो कहाँबाट, कसरी र के माध्यमले व्यवस्थापन गर्ने भन्ने विद्यालय व्यवस्थापन समितिले तय गरी सोही अनुरुप कार्य गर्नु पर्दछ । सम्भावित आर्थिक स्रोतको पहिचान गरी विद्यालयको भौतिक पक्षको सबलीकरणका लागि उपयोग गर्नु विद्यालय व्यवस्थापन समितिको

दायित्व अन्तर्गत गर्दछ । विद्यालय व्यवस्थापन समिति सबल र सक्षम भएमा आर्थिक स्रोतको व्यवस्थापन सहज बन्दछ ।

अध्ययन गरिएका विद्यालयहरुमा आर्थिक स्रोतको खोजी गर्नका लागि वि.व्य.स. ले गरेका प्रयत्नहरु बारेको जिज्ञासामा कवि शिरोमणि उ.मा.वि.ले विद्यालयका पूर्व विद्यार्थीहरु तथा राजधानी एवं बाहिरका क्षेत्रमा विभिन्न दातृ निकायसँग सम्पर्कमा रहेका स्थानीय व्यक्तित्वहरुको सहयोगबाट आर्थिक स्रोतको खोजीको प्रयास गरेको पाइयो । यस क्रममा पूर्व विद्यार्थीहरुको भेला डाक्ने तथा विद्यदालयको स्तरोन्नति एवं त्यसका लागि उपलब्ध आर्थिक स्रोतको बारेमा छलफल गरेको पाइयो । ज्यामिरगढी मा.वि. ले पूर्व विद्यार्थीहरुलाई परिचालन गर्ने प्रयास गरेको पाइयो । डिगेन प्रा.वि., शिशु साक्षर प्रा.वि. र हरि नि.मा.वि. ले भने आर्थिक स्रोतको खोजी सम्बन्धमा कुनै ठोस कार्य गर्न सकेको पाइएन ।

**आर्थिक स्रोतको परिचालन**

प्राप्त भएको आर्थिक स्रोतलाई उपयुक्त ढंगले परिचालन गरी उच्चतम प्रतिफल प्राप्त गर्ने प्रयास गर्ने जिम्मेवारी पनि विद्यालय व्यवस्थापन समितिको नै हुने गर्दछ । योजनाबद्ध ढंगले स्रोत र साधनको परिचालन गर्न विद्यालय व्यवस्थापन समिति सक्षम भएमा प्रतिफल उच्च हुन जान्छ ।

अध्ययन गरिएका सबै विद्यालयहरुमा उपलब्ध आर्थिक स्रोतको परिचालन गर्न समुदायका विभिन्न क्षेत्रका व्यक्तिहरु सम्मिलित उपभोक्ता समिति गठन गर्ने र सो समितिको अगुवाइमा कार्य सम्पन्नगर्ने गरेको पाइयो ।

### ४.१.२ भौतिक निर्माण व्यवस्थापन

विद्यालयको भौतिक सुविधा विस्तार गर्ने क्रममा भौतिक निर्माण व्यवस्थापनका लागि छनोट भएका विद्यालयहरुका व्यवस्थापन समितिले खेलेका भूमिकालाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**जनशक्ति परिचालन**

भौतिक सुविधा विस्तार गर्नका लागि विभिन्न नयाँ संरचनाहरुको निर्माण तथा तथा भइरहेका संरचनाहरुको मर्मत सम्भार गर्नुपर्ने हुन्छ । उक्त कार्यहरुका लागि

सम्बद्ध काममा दक्ष जनशक्तिको व्यवस्था गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुन्छ । उपयुक्त जनशक्तिको व्यवस्थापन गरिएमा निर्मित संरचनाबाट विद्यालयको भौतिक सुविधामा वृद्धि हुन सक्छ ।

अध्ययन गरिएका सबै विद्यालयहरुमा भौतिका निर्माणका क्रममा जनशक्ति परिचालन गर्ने सम्बन्धमा प्राविधिक र गैर प्राविधिक गरी दुई भागमा संरचना निर्माणको कार्यलार्य छुट्याउने गरेको पाइयो । प्राविधिक कार्यका लागि प्राविधिक जनशक्तिको खोजी गरी व्यवस्थापन गर्ने गरेको पाइयो भने गैर प्राविधिक कार्यका लागि स्थानीय जनशक्तिको प्रयोग गर्ने गरेको पाइयो । डिगेन प्रा.वि. र ज्यामिरगढी मा.वि. मा गैर प्राविधिक कार्यका लागि जनश्रमको प्रबन्ध गर्ने गरेको समेत पाइयो ।

**निर्माण कार्यको अनुगमन**

भौतिक निर्माण तथा मर्मत सम्भार कार्य उपयुक्त ढंगले भइरहेको छ या छैन भन्ने अनुगमन गरी देखिएका कमी कमजोरी सुधार्ने प्रयास गर्नु विद्यालय व्यवस्थापन समितिको अर्को दायित्व हो । विद्यालयको भौतिक निर्माण एवं मर्मत सम्भारको कार्य सुचारु गर्न तथा सही ढंगले निर्माण एवं मर्मत सम्भार गर्न विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुन्छ ।

अध्ययन गरिएका सबै विद्यालयहरुमा भौतिका निर्माणका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरी निर्माण कार्यको नियमित अनुगमन गर्ने गरेको पाइयो ।

### ४.१.३ भौतिक संरचनाको संरक्षण व्यवस्थापन

विद्यालयमा निर्माण भएको भौतिक संरचनाको संरक्षण भएन भने विद्यालयको भौतिक सुविधामा ह्रास आउँछ । तसर्थ उपलब्ध भौतिक संरचनाको संरक्षणको व्यवस्था गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हो । विद्यालयको भौतिक सुविधा विस्तार गर्ने भौतिक संरचनाको संरक्षण व्यवस्थापनका लागि छनोट भएका विद्यालयहरुका व्यवस्थापन समितिले खेलेका भूमिकालाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**समुदायसँग सम्बन्ध विस्तार**

विद्यालयमा विद्यमान भौतिक संरचनाको संरक्षणका लागि विद्यालय व्यवस्थापन समितिले विद्यालय रहेको क्षेत्रको समुदायसँग सुमधुर सम्बन्ध कायम गर्नु पर्दछ । यसले समुदायमा विद्यालयप्रति अपनत्वको भावना विकसित भई विद्यालयको भौतिक संरचनाको संरक्षण हुन सक्दछ ।

अध्ययन गरिएका विद्यालयहरुमा समुदायसँग सम्बन्ध विस्तार गर्नुपर्छ भन्ने सोच भए तापनि विद्यालय-समुदाय सम्बन्ध विस्तारका लागि कुनै ठोस कार्य अगाडि बढाएको पाइएन ।

**समुदायसँग निरन्तर सम्पर्क र सञ्चार**

विद्यालयको भौतिक संरचनाको संरक्षणका लागि विद्यालय व्यवस्थापन समितिले समुदायसँग निरन्तर सम्पर्क राख्नु पर्दछ र विद्यालयका विविध गतिविधिहरुको बारेमा यथा समयमा समुदायसम्म पारदर्शी रुपमा सञ्चार गर्नु पर्दछ । विद्यालयका विविध गतिविधि बारे समुदाय सुसूचित रहने गरेमा विद्यालय प्रति समुदायमा अपनत्वको भावना विकास हुने भई भौतिक संरचनाको संरक्षण गर्न सहज बन्न जान्छ ।

अध्ययन गरिएका विद्यालयहरु मध्ये कवि शिरोमणि उ.मा.वि. र ज्यामिरगढी मा.वि. मा वर्षमा २ पटक आमा भेला गरी विद्यालयका गतिविधि बारे जानकारी गराउने गरेको पाइयो । सबै विद्यालयहरुमा वर्षमा १ पटक अभिभावक भेला गर्ने गरेको पाइयो ।

**विद्यालय समुदाय अन्तरक्रिया**

विद्यालयमा विद्यमान भौतिक संरचनाको संरक्षण गर्नका लागि विद्यालय व्यवस्थापन समितिले समय समयमा समुदायका विभिन्न तह र तप्काका व्यक्तिहरुसँग विद्यालयका विविध पक्षहरु बारे अन्तरक्रिया गर्नु पर्दछ । यसले गर्दा समुदायमा विद्यालयप्रति अपनत्वको भावना विकसित हुने भई भौतिक संरचना संरक्षणमा सघाउ पुग्दछ ।

अध्ययन गरिएका विद्यालयहरुमा हालसम्म कुनै पनि विद्यालयको व्यवस्थापन समितिले विद्यालयको बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न सकेको पाइएन ।

**सरोकारवालाहरुको सहभागिताको वातावरण निर्माण**

विद्यालयका विविध क्रियाकलाप एवं गतिविधिहरुमा सरोकारवालाहरु - अभिभावक, शिक्षक, विद्यार्थी तथा स्थानीय नागरिक समाजका सदस्यहरु - को सहभागिताका लागि विद्यालय व्यवस्थापन समितिले उपयुक्त वातावरण निर्माण गर्नु पर्दछ । सरोकारवालाहरुको सहभागिता सबल र सक्रिय रहेमा विद्यालयका सम्पूर्ण गतिविधिहरु अर्थपूर्ण र प्रभावकारी हुनुका साथै विद्यालयको भौतिक संरचनाको संरक्षण संबर्द्धन समेत सहज बन्न जान्छ ।

अध्ययन गरिएका विद्यालयहरुमा सरोकारवालाहरुको सहभागिताको अवस्था विश्लेषण गर्दा विद्यालयसँग सरोकारवालाहरुको अपनत्वको भावनामा कमी पाइयो । विद्यालय परिसरमा आफ्ना चौपायाहरु चराउने, विद्यालयमा लगाइएको फुलवारी चौपायाले खाइदिने जस्ता समस्याहरु देखिए । सरोकारवालाहरुको सहभागिता देखिएका विद्यालयहरुमा समेत न्यून संख्यामा सरोकारवालाहरु अर्थात पूर्ण सचेत सरोकारवालाहरु मात्र सहभागी भएको पाइयो । विद्यालयको बारेमा आवश्यक सूचना सरोकारवालासम्म सम्प्रेषण हुन सकेको देखिएन । जसको परिणाम सरोकारवालाहरुले विद्यालयलाई आफ्नो सम्पत्तिका रुपमा ग्रहण गर्ने वातावरण निर्माण गर्नमा विद्यालय व्यवस्थापन समिति पछि परेको देखियो ।

**४.१.४ भौतिक सुविधाको वर्तमान अवस्था**

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा नमुना छनोटमा परेका विद्यालयको भौतिक सुविधाको अवस्था सम्बन्धी विभिन्न सूचना सङ्कलनका साधनहरु प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कलाई निम्नानुसार प्रस्तुती एवं व्याख्या गरिएको छ :

**विद्यालय भवन**

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुको विद्यालय भवनको अवलोकन गर्दा ज्यामिरगढी माध्यमिक विद्यालयका तीनवटा भवन मध्ये एउटा पुरानो कच्ची छ र दुईवटा पक्की भवनहरु छन् । कक्षाकोठाको ल. र चौ ३०×१६ फिट छ ।

हरि निम्न माध्यमिक विद्यालयका भवनहरु प्रायः कच्ची र पुराना छन् । साथै कक्षाकोठाहरु पनि पुरानो शैलीका साँघुरा देखिन्छन् । आधुनिक युग सापेक्ष कृयाकलापयुक्त शिक्षण कृयाकलापका लाग उपयुक्त देखिँदैनन् । शिशु साक्षर प्राथमिक विद्यालयका भवनहरु कच्ची र पुराना शैलीका भएकाले जीर्ण देखिन्छन् । डिगेन प्राथमिक विद्यालयको एउटा कच्ची भवन रहेको छ जुन कक्षा संख्याको अनुपातमा अपर्याप्त देखिन्छ । कवि शिरोमणि उच्च माध्यमिक विद्यालयका भवनहरु प्रायः नयाँ र आधुनिक शैलीका देखिन्छन् भने कक्षाकोठाहरु पनि फराकिला र हावादार छन् । भवनको अवस्थाको विश्लेषण गर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालय नमुना छनौटमा परेका विद्यालयहरुमध्ये उत्कृष्ट स्तरको देखिन्छ ।

अध्ययन गरिएका विद्यालयहरु मध्ये ज्यामिरगढी मा.वि. ले पुरानो कच्ची भवनको मुनर्निर्माणको व्यवस्था गर्नुपर्ने देखिन्छ । हरि नि.मा.वि. का भवनहरु पुनर्निर्माण गरी सुविधायुक्त कक्षाकोठाको व्यवस्था गर्नु आवश्यक देखिन्छ । शिशु साक्षर प्रा.वि. र डिगेन प्रा.वि. मा पुराना भवनहरुलाई भत्काई नयाँ भवनहरु बनाउनु पर्ने अवस्था देखिन्छ ।

**कक्षाकोठा**

अध्ययन गरिएका परेका विद्यालयहरुमा ज्यामिरगढी माध्यमिक विद्यालयका कक्षाकोठाको ल. र चौ ३०×१६ फिट छ । हरि निम्न माध्यमिक विद्यालयका कक्षाकोठाहरु पनि पुरानो शैलीका साँघुरा देखिन्छन् । आधुनिक युग सापेक्ष कृयाकलापयुक्त शिक्षण कृयाकलापका लागि उपयुक्त देखिँदैनन् । शिशु साक्षर प्राथमिक विद्यालयका कक्षाकोठाहरु कच्ची र पुराना शैलीका भएकाले साँघुरा, पर्याप्त प्रकाश र हावा नछिर्ने तथा जीर्ण छन् । डिगेन प्राथमिक विद्यालयमा कक्षा संख्याको अनुपातमा कक्षाकोठा अपर्याप्त भएकाले एउटै कक्षाकोठामा एकभन्दा बढी कक्षाका विद्यार्थीहरु राखी अध्ययन अध्यापन गराएको पाइयो । कवि शिरोमणि उच्च माध्यमिक विद्यालयका कक्षाकोठाहरु फराकिला र हावादार छन् । कक्षाकोठाको अवस्थाको विश्लेषण गर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालय नमुना छनौटमा परेका विद्यालयहरुमध्ये उत्कृष्ट स्तरको देखिन्छ ।

अध्ययन गरिएका विद्यालयहरु मध्ये कवि शिरोमणि उ.मा.वि. बाहेक सबै विद्यालयका कक्षाकोठाहरु पुनर्निर्माण गर्नुपर्ने अवस्था देखिन्छ । डिगेन प्रा.वि. मा थप कक्षाकोठा निर्माण गर्नुपर्ने देखिन्छ ।

**खेलमैदान**

अध्ययन गरिएका विद्यालयहरुमा हरि निम्न माध्यमिक विद्यालयको खेलमैदान साँघुरो र आकार नमिलेको भएकाले विद्यार्थीहरुलाई बाह्य अतिरिक्त कृयाकलाप गराउन असहज देखिन्छ । ज्यामिरगढी माध्यमिक विद्यालयको खेलमैदान धेरै मेहनत साथ फराकिलो बनाइएकोले विद्यार्थीहरुलाई विविध खेलकुदका कृयाकलापहरु गराउन सहज देखिन्छ । शिशु साक्षर प्राथमिक विद्यालयको खेलमैदान फराकिलो देखिन्छ । विद्यालय कम्पाउण्डसँगै रहेको खेलमैदानमा फुटबल लगायतका खेलहरु सहज रुपमा सञ्चालन गर्न सकिन्छ । डिगेन प्राथमिक विद्यालयको खेलमैदान साँघुरो र सतह नमिलेको देखिन्छ जसले गर्दा खेलकुदका क्रियाकलाप सञ्चालन गर्न कठिन देखिन्छ । कवि शिरोमणि उच्च माध्यमिक विद्यालयको खेलमैदान विद्यालय कम्पाउण्डको बाहिरपट्टि रहेको फराकिलो अवस्थामा देखिन्छ ।

हरि निम्न माध्यमिक विद्यालयको खेलमैदानको क्षेत्र बढाउनुपर्ने आवश्यकता देखिन्छ । डिगेन प्रा.वि. को खेलमैदानको स्तरोन्नति गर्नुपर्ने र फराकिलो पार्नुपर्ने समेत देखियो ।

**शौचालय**

अध्ययन गरिएका विद्यालयहरुमा शौचालयको व्यवस्था सबैमा गरिएको भए तापनि सबैमा एकैनासको सुविधा दखिंदैन । हरि निम्न माध्यमिक विद्यालयमा स्थानीय स्रोत साधन जुटाएर शौचालयको व्यवस्था गरिएको छ । छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको भए पनि विद्यार्थी सङ्ख्याको आधारमा पर्याप्त देखिंदैन । ज्यामिरगढी माध्यमिक विद्यालयमा छात्र, छात्रा र शिक्षकको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था देखिन्छ । तर छात्रा शौचालय भने अपर्याप्त देखिन्छ । शिशु साक्षर प्राथमिक विद्यालयमा छात्र, छात्रा तथा शिक्षकका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको देखिन्छ । डिगेन प्राथकि विद्यालयमा स्थानीय स्रोत साधनको प्रयोग गरी छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयहरु बनाइएको छ । कवि शिरोमणि उच्च

माध्यमिक विद्यालयमा शौचालयको व्यवस्था राम्रो रहेको देखिन्छ । नयाँ र आधुनिक शौचालयहरु रहेको यस विद्यालयमा छात्र, छात्रा र शिक्षकका लागि छुट्टाछुट्टै शौचालयहरु रहेका छन् । यसरी हेर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालय सबैभन्दा राम्रो शौचालय सुविधा भएको तथा हरि निम्न माध्यमिक विद्यालय सबैभन्दा कमजोर शौचालय सुविधा भएको विद्यालय देखिन्छन् ।

हरि निम्न माध्यमिक विद्यालय र ज्यामिरगढी माध्यमिक विद्यालयमा शौचालयको संख्या विद्यार्थी संख्याको अनुपातमा थप्नु पर्ने देखिन्छ । कवि शिरोमणि उच्च माध्यमिक विद्यालय बाहेक सबै विद्यालयमा स्थानीय स्रोत साधन प्रयोग गरी निर्माण गरिएका शौचालयहरु मात्र रहेकाले सुविधायुक्त शौचालय निर्माणको लागि प्रयत्न गर्नुपर्ने देखिन्छ ।

**पिउने पानी**

पिउने पानीको सुविधाको अवस्था अध्ययन गर्दा हरि निम्न माध्यमिक विद्यालय र ज्यामिरगढी माध्यमिक विद्यालय ग्रामीण क्षेत्रमा रहेका कारण सार्वजनिक पिउने पानीको व्यवस्था हुन नसकेको तथा देखिन्छ । ज्यामिरगढी माध्यमिक विद्यालयमा इनारको साथै ट्युबवेलको समेत व्यवस्था भएको छ । शिशु साक्षर प्राथमिक विद्यालय र र डिगेन प्राथमिक विद्यालयमा पिउने पानीको लागि ट्युबवेलको व्यवस्था भएको छ । कवि शिरोमणि उच्च माध्यमिक विद्यालय अर्ध शहरी क्षेत्रमा रहेका हुनाले सार्वजनिक पिउने पानीको व्यवस्था भएको छ र विद्यालयमा पिउने पानीको व्यवस्था राम्रो देखिन्छ ।

हरि निम्न माध्यमिक विद्यालय, ज्यामिरगढी माध्यमिक विद्यालय, शिशु साक्षर प्राथमिक विद्यालय र डिगेन प्राथमिक विद्यालयमा पिउने पानीको स्रोतको रुपमा इनार वा ट्युबवेल प्रयोग गरिएकोले उक्त पानी शुद्धीकरणका लागि फिल्टर वा अन्य शुद्धीकरणका उपकरणहरुको व्यवस्था गर्नु अति आवश्यक देखिन्छ ।

**कम्पाउण्ड घेरावारा**

अध्ययन गरिएका विद्यालयहरुको कम्पाउण्ड घेरावाराको अध्ययन गर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालय बाहेक चारवटै विद्यालयहरुमा घेरावाराको

व्यवस्था भएको पाइँदैन । विद्यालय हाता र खेलमैदानलाई सुरक्षित गर्न बाँसको भाटाले सामान्य रुपमा घेरेको पाइयो ।

कवि शिरोमणि उच्च माध्यमिक विद्यालय बाहेक चारवटै विद्यालयको परिसर घेरावारा बिहिन भएकाले विद्यालय हाताको सुरक्षाको लागि घेरावाराको व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

**फर्निचर**

अध्ययन गरिएका विद्यालयहरुमा फर्निचर व्यवस्थापनको अवस्था अवलोकन गर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालय बाहेक चारवटै विद्यालयहरुमा फर्निचरको व्यवस्थापन कमजोर रहेको देखिन्छ । स्थानीय प्रविधिका काठका डेस्कबेञ्चहरु रहेका र पुराना एवं असजिला किसिमका समेत देखिन्छ । विद्यार्थी संख्याको अनुपातमा डेस्क बेञ्चको संख्या कम भएका कारण ज्यामिरगढी माध्यमिक विद्यालय र हरि निम्न माध्यमिक विद्यालयमा एउटा बेञ्चमा ५ जनासम्म विद्यार्थी बस्ने गरेको पाइयो ।

कवि शिरोमणि उच्च माध्यमिक विद्यालय बाहेक चारवटै विद्यालयमा विद्यार्थीलाई सुविधा हुने किसिमका डेस्क बेञ्च निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

**ब्ल्याक बोर्ड तथा ह्वाइट बोर्ड**

अध्ययन गरिएका विद्यालयहरुका कक्षाकोठामा रहेका बोर्डहरुको अवलोकन गर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालयका सबै कक्षाकोठाहरुमा ह्वाइट बोर्डको व्यवस्था भएको पाइयो । ज्यामिरगढी माध्यमिक विद्यालयका कक्षाकोठाहरुमा आंशिक रुपमा ह्वाइट बोर्डको व्यवस्था भएको पाइयो । विशेषतः प्राथमिक तहका कक्षाहरुमा ब्ल्याक बोर्ड नै प्रयोग गर्ने गरेको पाइयो । अन्य विद्यालयहरुमा ब्ल्याक बोर्डको प्रयोग गर्ने गरेको पाइयो । प्रयोगमा रहेका ब्ल्याक बोर्डहरु अधिकांशतः काठ वा प्लाइवुडबाट बनेका पाइयो ।

ज्यामिरगढी माध्यमिक विद्यालयमा प्राथमिक तहका कक्षाहरुमा समेत ब्ल्याकबोर्डको सट्टा ह्वाइटबोर्डको व्यवस्था गर्नु आवश्यक देखियो । हरि निम्न

माध्यमिक विद्यालय, शिशु साक्षर प्राथमिक विद्यालय र डिगेन प्राथमिक विद्यालयमा समेत ह्वाइटबोर्ड वा गुणस्तरयुक्त ब्ल्याकबोर्डको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**विद्यालयमा शैक्षिक क्रियाकलाप सञ्चालनको अवस्था**

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयका कक्षाकोठाहरुमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने सुविधाको अवस्थाका बारेमा सङ्कलन गरिएको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : विद्यालयमा शैक्षिक क्रियाकलाप सञ्चालनको सुविधा

| क्र. स. | विद्यालयको नाम | क्रियाकलाप र सुविधा | | | |
|---|---|---|---|---|---|
| | | छलफल | अभिनय | प्रश्नोत्तर | समूह कार्य |
| १. | ज्यामिरगढी मा.वि. | छ | छैन | छ | छैन |
| २. | हरि नि.मा.वि. | छ | छैन | छ | छैन |
| ३. | शिशु साक्षर प्रा.वि. | छ | छैन | छ | छैन |
| ४. | डिगेन प्रा.वि. | छैन | छैन | छैन | छैन |
| ५. | कवि शिरोमणि उ.मा.वि. | छ | छ | छ | छ |

स्रोत : स्थलगत सर्वेक्षण,२०७३

तालिका १ मा दिइए अनुसार नमुनामा परेका अधिकांश विद्यालयका कक्षाकोठाहरु उपयुक्त किसिमका छैनन् । कक्षा शिक्षणमा विद्यार्थी केन्द्रित विधिहरु प्रयोग गर्नका लागि अभिनय वा समूह कार्य जस्ता क्रियाकलापहरु गराउनका लागि कवि शिरोमणि बाहेक कुनै पनि विद्यालयका कक्षाकोठाहरु उपयुक्त नभएको देखिन्छ । खालि छलफल वा प्रश्नोत्तरका माध्यमले कक्षा शिक्षण गर्ने सुविधा भएकाले अधिकांश विद्यालयमा व्याख्यान विधि बढी प्रचलनमा पाइन्छ जुन सिप शिक्षणमा अत्यन्त अनुपयुक्त देखिन्छ । डिगेन प्रा.वि. मा त एउटै कक्षाकोठामा एकभन्दा बढी कक्षाका विद्यार्थीहरु राखी पढाउनु पर्ने भएकाले छलफल र प्रश्नोत्तर विधि समेत प्रयोग गर्न सकिने सुविधा छैन ।

**विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था**

नमुनामा परेका विद्यालयहरुमा खेलकुद लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने सुविधाको अवस्थाका बारेमा सङ्कलन गरिएको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २ : विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनको सुविधा

| क्र.स. | विद्यालयको नाम | क्रियाकलाप र सुविधा | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खेलकुद | हाजिरी जवाफ | वादविवाद | वक्तृत्वकला | साहित्य गोष्ठी | सांस्कृतिक कार्यक्रम |
| १. | ज्यामिरगढी मा.वि. | छ | छ | छ | छ | छ | छैन |
| २. | हरि नि.मा.वि. | छैन | छ | छ | छ | छ | छैन |
| ३. | शिशु साक्षर प्रा.वि. | छ | छ | छ | छ | छ | छैन |
| ४. | डिगेन प्रा.वि. | छैन | छैन | छैन | छैन | छैन | छैन |
| ५. | कवि शिरोमणि उ.मा.वि. | छ | छ | छ | छ | छ | छैन |

स्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका २ मा दिइए अनुसार नमुना छनोटमा परेका विद्यालयहरुमा उपयुक्त हलको अभावमा कुनै पनि विद्यालयमा सांस्कृतिक कार्यक्रम गर्ने सुविधा नभएकोले सुख्खा याममा विद्यालयको चौरमा सांस्कृतिक कार्यक्रम गर्ने गरेको पाइयो । फराकिलो खेलमैदान भएका विद्यालयहरु ज्यामिरगढी मा.वि., शिशु साक्षर प्रा.वि. र कवि शिरोमणि उ.मा.वि. मा खेलकुद कार्यक्रम गर्न सक्ने अवस्था देखिन्छ भने अन्य विद्यालयमा खेलकुद कार्यक्रम सञ्चालन गर्न सक्ने अवस्था देखिंदैन ।

अध्ययन गरिएका विद्यालयहरु मध्ये कवि शिरोमणि उच्च माध्यमिक विद्यादलय बाहेक अन्य चारवटै विद्यालयहरुको भौतिक सुविधाको अवस्था अत्यन्त कमजोर देखिएकाले विद्यालय भवन, कक्षाकोठा, बालो/सेतो पाटी, फर्निचर, खेलमैदान, पिउने पानी, शौचालय, विद्यालय घेरावाराको सुविधा विस्तारका लागि विद्यालय व्यवस्थापन समितिले उपयुक्त आर्थिक स्रोतको खोजी गरी भौतिक सुविधा विस्तार गर्नुपर्ने देखिन्छ ।

### ४.१.५ भौतिक सुविधा र शैक्षिक उपलब्धिको अवस्था

नमुना छनौटमा परेका विद्यालयहरुको शै.सत्र २०७१ र २०७२ को भर्ना, कक्षा छोड्ने दर तथा कक्षा उत्तीर्ण दरलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**विद्यालय भर्ना**


नमुनामा परेका विद्यालयहरुको शैक्षिक वर्ष २०७१ र २०७२ को विद्यार्थी भर्ना विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३ : विद्यार्थी भर्ना विवरण

| क्र.सं. | विद्यालयको नाम | शै.व. २०७१ | | | शै.व. २०७२ | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | ज्यामिरगढी मा.वि. | ९२ | ६८ | १६० | ७० | ५४ | १२४ |
| २. | हरि नि.मा.वि. | ८३ | ७७ | १६० | ६८ | ४९ | ११७ |
| ३. | शिशु साक्षर प्रा.वि. | ८९ | ७१ | १६० | ९० | ५५ | १४५ |
| ४. | डिगेन प्रा.वि. | ४५ | ३८ | ८३ | ३८ | २३ | ६१ |
| ५. | कवि शिरोमणि उ.मा.वि. | १३२ | १०० | २३२ | १०० | ९२ | १९२ |

स्रोत : विद्यालय अभिलेख, २०७३

माथिको तथ्याङ्कलाई स्तम्भचित्रमा निम्नानुसार देखाउन सकिन्छ :




माथिको तालिका तथा स्तम्भचित्रमा देखाए बमोजिम भौतिक सुविधाको अवस्था राम्रो भएको विद्यालय कवि शिरोमणिमा विद्यार्थी भर्नाको अवस्था तुलनात्मक रुपमा राम्रो देखिएको छ । भौतिक सुविधाको अवस्था अत्यन्त कमजोर देखिएको डिगेन प्रा.वि. मा विद्यार्थी भर्नाको अवस्था अत्यन्त न्यून देखिएको छ भने अन्य विद्यालयहरुको समेत विद्यार्थी भर्नामा भौतिक सुविधाको अवस्थाले प्रभाव पारेको देखिन्छ ।

**कक्षा छाड्ने**

नमुनामा परेका विद्यालयहरुको शैक्षिक वर्ष २०७१ र २०७२ को कक्षा छाड्ने विद्यार्थीको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४ : कक्षा छाड्ने विवरण

| क्र.सं. | विद्यालयको नाम | शै.व. २०७१ | | | शै.व. २०७२ | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | ज्यामिरगढी मा.वि. | १४ | ८ | २२ | ५ | ३ | ८ |
| २. | हरि नि.मा.वि. | ९ | १२ | २१ | ६ | ८ | १४ |
| ३. | शिशु साक्षर प्रा.वि. | ५ | ९ | १४ | ७ | ४ | ११ |
| ४. | डिगेन प्रा.वि. | १० | ७ | १७ | ४ | ३ | ७ |
| ५. | कवि शिरोमणि उ.मा.वि. | | | ० | ३ | ८ | ११ |

स्रोत : विद्यालय अभिलेख, २०७३

माथिको तालिकामा नमुनामा परेका विद्यालयहरुको प्राथमिक तहको शैक्षिक वर्ष २०७१ र २०७२ को कक्षा छोड्ने अवस्थालाई प्रस्तुत गरिएको छ । शै. वर्ष २०७१ मा डिगेन प्रा.वि. को कक्षा छोड्ने दर सबैभन्दा उच्च (२०.४८%) देखिन्छ भने कवि शिरोमणि उ.मा.वि. को शुन्य देखिन्छ । त्यसरी नै शै. वर्ष २०७२ मा कवि शिरोमणि उ. मा.वि.को सबैभन्दा कम (५.७३%) देखिन्छ भने हरि नि.मा.वि. को सबैभन्दा बढी (११.९७%) कक्षा छोड्ने दर देखिन्छ । यसबाट भौतिक सुविधाले विद्यालय टिकाउपनमा प्रभाव पार्ने निष्कर्ष निकाल्न सकिन्छ ।

**कक्षोत्तीर्ण अवस्था**

नमुनामा परेका विद्यालयहरुको शैक्षिक वर्ष २०७१ को कक्षोत्तीर्ण विद्यार्थीको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५ : कक्षोत्तीर्ण विद्यार्थीको विवरण (२०७१)

| तह | विवरण | विद्यालय | | | | |
|---|---|---|---|---|---|---|
| | | ज्यामिरगढी | हरि | शिशु साक्षर | डिगेन | कवि शिरोमणि |
| प्राथमिक | भर्ना | १६० | १६० | १६० | ८३ | २३२ |
| | परीक्षामा सामेल | १३८ | १३९ | १४६ | ६६ | २३२ |
| | उत्तीर्ण | १०७ | ११७ | १२८ | ५३ | २३२ |
| | उत्तीर्ण प्रतिशत | ७७.५४ | ८४.१७ | ८७.६७ | ८०.३ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण, २०७३

तालिका ५ अनुसार ज्यामिरगढी माध्यमिक विद्यालयको कक्षोत्तीर्ण दरसबैभन्दा कम ७७.५४% र डिगेन प्रा.वि. को ८०.३% देखिन्छ । त्यसरी नै शिशु साक्षर प्रा.वि. को ८४.१७%, हरि नि.मा.वि. को ८७.६७% र कवि शिरोमणि उच्च माध्यमिक विद्यालयको सबैभन्दा बढी १००% देखिन्छ । कक्षोत्तीर्णदरको अवस्थालाई विश्लेषण गर्दा भौतिक सुविधाको अवस्था कमजोर देखिएका विद्यालयहरु डिगेन प्राथमिक विद्यालय, ज्यामिरगढी माध्यमिक विद्यालय, शिशु साक्षर प्राथमिक विद्यालय र हरि निम्न उच्च माध्यमिक विद्यालयको तुलनामा भौतिक सुविधाको अवस्था राम्रो देखिएको विद्यालय कवि शिरोमणि उच्च माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर उच्च रहेको देखिन्छ । विद्यालय भर्ना र परीक्षामा सामेल हुने विद्यार्थीको तथ्याङ्क हेर्दा कवि शिरोमणि उच्च माध्यमिक विद्यालयमा कक्षा छोड्ने दर ज्यादै न्यून देखिन्छ भने ज्यामिरगढी, डिगेन र हरिमा यो दर बढी देखिन्छ ।

उपर्युक्त तालिकाको विश्लेषण गर्दा विद्यालयको भौतिक सुविधाको अवस्थाले विद्यार्थीको विद्यालय टिकाउपन तथा शैक्षिक उपलब्धिको स्तरलाई समेत सकारात्मक प्रभाव पार्ने निष्कर्ष निकाल्न सकिन्छ ।

त्यसरी नै अध्ययनमा सामेल विद्यालयहरुको शै.सत्र २०७२ को कक्षोत्तीर्ण विद्यार्थीको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६ : कक्षोत्तीर्ण विद्यार्थीको विवरण (२०७२)

| तह | विवरण | विद्यालय | | | | |
|---|---|---|---|---|---|---|
| | | ज्यामिरगढी | हरि | शिशु साक्षर | डिगेन | कवि शिरोमणि |
| प्राथमिक | भर्ना | १२४ | ११७ | १४५ | ६१ | १९२ |
| | परीक्षामा सामेल | ११६ | १०३ | १३३ | ५४ | १८३ |
| | उत्तीर्ण | ११० | ९९ | १२३ | ५० | १८३ |
| | उत्तीर्ण प्रतिशत | ९४.८३ | ९६.१२ | ९२.४८ | ९२.५९ | १०० |

स्रोतः स्थलगत सर्भेक्षण, २०७३

तालिका ६ अनुसार शिशु साक्षर प्रा.वि. को कक्षोत्तीर्ण दर सबैभन्दा कम (९२.४८%) र कवि शिरोमणि उच्च माध्यमिक विद्यालयको सबैभन्दा बढी (१००%) देखिन्छ । त्यसरी नै डिगेन प्रा.वि. को ९२.५९%, ज्यामिरगढी माध्यमिक विद्यालयको

९४.८३% र हरि निम्न माध्यमिक विद्यालयको ९६.१२% देखिन्छ। कक्षोत्तीर्ण दरलाई विश्लेषण गर्दा भौतिक सुविधाको अवस्था राम्रो देखिएको विद्यालय कवि शिरोमणि उच्च माध्यमिक विद्यालयको कक्षोत्तीर्ण दर शत प्रतिशत देखिन्छ भने उदार कक्षोन्नतिको व्यवस्था हुँदाहुँदै पनि भौतिक सुविधाको अवस्था कमजोर भएका विद्यालयहरुमा कक्षोत्तीर्ण दर शत प्रतिशत पुग्न सकेको देखदैन।

प्रस्तुत तालिकाको विश्लेषण गर्दा भौतिक सुविधाको अवस्था राम्रो देखिएको विद्यालयको कक्षोत्तीर्ण दर राम्रो देखिएकोले भौतिक सुविधाले शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पार्ने निष्कर्ष निकाल्न सकिन्छ।

## ४.२ भौतिक सुविधा विस्तारमा प्रभाव पार्ने तत्वहरु

विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समितिलाई प्रभाव पार्ने तत्वहरुलाई निम्न उपशीर्षकहरुमा विश्लेषण गरिएको छ :

### ४.२.१ विद्यालयको आर्थिक स्रोत

विद्यालयको स्थायी आयस्रोत राम्रो रहेमा विद्यालयको भौतिक सुविधा विस्तार कार्य सहज बन्न सक्दछ। अर्थात राम्रो आयस्रोत भएको विद्यालयको व्यवस्थापन समितिले भौतिक सुविधा विस्तार गर्न सहज हुन्छ। तर विद्यालयको स्थायी आयस्रोत कम भएको वा नभएको अवस्थामा भौतिका सुविधाको विस्तार कठिन हुन जान्छ।

### ४.२.२ समुदायको आर्थिक अवस्था

विद्यालय रहेको समुदायको आर्थिक अवस्थाले पनि साामुदायिक विद्यालयको भौतिक सुविधा विस्तारमा प्रभाव पार्दछ। विद्यालय रहेको समुदायको आर्थिक हैसियत राम्रो भएमा समुदायबाट समेत भौतिक सुविधा विस्तारमा आर्थिक भरथेग हुन सक्छ र समुदायको आर्थिक स्तर कमजोर भएमा समुदायबाट आर्थिक सहयोग प्राप्त हुन सक्दैन।

### ४.२.३ विद्यालय समुदाय सम्बन्ध

विद्यालय र समुदायको सम्बन्ध सुमधुर रहेमा विद्यालयका कृयाकलापहरुमा समुदायका सदस्यहरु सहभागी बन्न इच्छुक हुने मात्र नभई आर्थिक भौतिक सहयोग समेत गर्न तयार हुन्छन् । यदि विद्यालय र समुदायको सम्बन्ध राम्रो छैन भने समुदायबाट विद्यालयलाई सहयोग प्राप्त हुँदैन र विद्यालयको भौतिक सुविधा विस्तार कठिन हुन्छ ।

### ४.२.४ सरकारी अनुदान

विद्यालयको भौतिक सुविधा विस्तारका लागि आवश्यक अनुदान सहयोग नेपाल सरकारबाट यथोचित ढंगले यथासमयमा प्राप्त भएमा विद्यालयको भौतिक सुविधा विस्ता रसहज बन्दछ । यदि सरकारी अनुदान प्राप्त नभएमा वा उपयुक्त समयमा प्राप्त नभएमा विद्यालयको भौतिक सुविधा विस्तार कठिन हुन्छ ।

### ४.२.५ व्यवस्थापन समितिको कार्यशैली

विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरुको कार्यशैली एवं चिन्तनले पनि विद्यालयको भौतिक सुविधा विस्तारमा प्रभाव पारेको हुन्छ । काम गर्ने जोश, जाँगर र समुदायका विभिन्न क्षेत्रका व्यत्तिःत्वहरुसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने तौरतरिका भएका व्यत्तिःहरुबाट व्यवस्थापन समिति बनेको भएमा भौतिक सुविधा विस्तार सहज हुन्छ । अन्यथा यसमा समस्याहरु आउँछन् ।

## ४.३ भौतिक सुविधा विस्तारमा देखिएका समस्याहरु

शोधकार्यको क्रममा विद्यालयको भौतिक व्यवस्थापनका विविध पक्षहरुमा गरिएको स्थलगत भ्रमण, अवलोकन र सरोकावालाहरुको विचार अन्तर्वार्ता तथा द्वितीय स्रोतका तथ्याङ्कहरुबाट प्राप्त समस्याहरुलाई यँहा प्रस्तुत गरिएको छ :

### ४.३.१ समस्याका क्षेत्रहरु

विद्यालयको भौतिक सुविधा विस्तारमा देखिएका समस्याका क्षेत्रहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**विद्यालय भवन**

अध्ययनमा सामेल सबै विद्यालयहरुमा भवन एकै प्रकारका छैनन् । विद्यालयका केही भवनहरु पुराना र कच्ची छन् । सरकारी अनुदानमा परेका भवनहरु विद्यालयले आफ्नो अनुकुल हुने गरी भन्दा दातृसंस्था वा सरकारी मापदण्ड अनुकुल बनाउनुपर्ने भएकोले प्रायः सबै भवनहरु एक तले र छानो नभएको निर्माण गरिएका छन् । यसले गर्दा धेरै विद्यालयहरुमा निर्माण स्थलको अभाव देखिएको र नयाँ भवन निर्माण गर्दा पुरानो संरचनालाई भत्काउनु परेको छ । केही विद्यालयमा पाँच साल अगाडि निर्माण भएका भवनहरु भत्किन लागेको पाइएको छ । गुणस्तरहिन सामग्रीको प्रयोग, भ्रष्टचार तथा दक्ष भवन निर्माणकर्ताको अभाव जस्ता कारणले भवनको गुणस्तर खस्केको पाइएको छ । विद्यालयहरुले आर्थिक अभावका कारण साझेदारी भवन निर्माण गर्न सकेका छैनन् । कुनै विद्यालयहरु अभिभावकबाट चन्दा संकलन गरी साझेदारी भवन निर्माणका लागि आर्थिक संकलन गरिरहेका छन् ।

**फर्निचर**

अध्ययनमा सामेल भएका मध्ये अधिकांश विद्यालयहरुमा कक्षाकोठामा पठनपाठनका लागि डेस्क र बेञ्चहरुको अभाव देखिन्छ । पर्याप्त डेस्क बेञ्च भएका विद्यालयहरुमा पनि विद्यार्थीहरुको उमेर, उचाइ, शारीरिक अवस्था अनुसार सुविधायुक्त फर्निचरहरु नभएकोले शिक्षण सिकाइमा समस्या आइपरेको धारणा अधिकांश शिक्षक तथा विद्यार्थीहरुले व्यक्त गरेको पाइयो । कक्षाकोठाको व्यवस्थापन प्रभावकारी ढंगले भएको पाइएन ।

**कक्षाकोठा**

अध्ययन गरिएका विद्यालयहरुमा रहेका पुराना भवनहरुका कक्षाकोठाहरु साँघुरा भएकाले त्यहाँ डेस्क बेञ्चहरु खचाखच देखिएका छन् । शिक्षक अगाडिबाट पछाडिसम्म सहज तरिकाले जान सक्ने गरी ठाउँ नभएका कक्षाकोठामा विद्यार्थीहरु बस्न बाध्य छन् । कक्षाकोठा साना हुँदा परीक्षालाई विभिन्न चरणमा सम्पन्न गर्नुपर्ने वाध्यता विद्यालयहरुलाई सृजना भइरहेको छ । प्रत्येक कक्षाकोठामा भएका कालोपाटीलाई रंगरोकन गर्नुपर्ने देखिएको छ । कुनै विद्यालयले कालोपाटीलाई विस्थापन गरेर ह्वाइटबोर्डको प्रयोग गर्न थालेको पाइयो । विद्यालयका धेरैवटा

भवनहरुका कक्षाकोठामा प्रकाशको राम्रो व्यवस्था हुन सकेको छैन । यसको कारणले कक्षाकोठामा कालोपाटी टल्किएर विद्यार्थीहरुलाई पठनपाठनमा समस्या परेको देखिएको छ ।

**पिउने पानी**

विद्यार्थी र शिक्षकहरु स्वस्थ भए मात्र सिक्ने सिकाउने प्रकृया प्रभावकारी हुन्छ । मानव स्वास्थ्यका लागि पानी अति आवश्यक हुन्छ । त्यसैले विद्यालयमा स्वच्छ सफा पिउने पानी उपलब्ध हुनु आवश्यक छ । शोध कार्यमा सामेल विद्यालयहरुमा पिउने पानीको उचित प्रवबन्ध नभएको देखिन्छ । विद्यालयमा उपलब्ध भएको पानी स्वच्छ र निर्मलीकरण गरिएको छैन । अधिकांश बालबालिकाहरु दुषित पानी पिउन वाध्य छन् ।

अध्ययनमा सामेल एक विद्यालयलाई स्थानीय खानेपानी आयोजनाले नै खानेपानी उपलब्ध गराउँदै आएको छ । बाँकी विद्यालयहरुमा स्थानीय स्तरमा इनार तथा ट्युबवेलको निर्माण गरी पिउने पानीको व्यवस्था गरेको देखिन्छ । सबै विद्यालयहरुमा पिउने पानी शुद्धीकरण नगरी प्रयोग गरिनाले यसबाट विद्यार्थीहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ ।

**शौचालय**

अध्ययनमा सामेल दुईवटा विद्यालयहरुमा विभिन्न दातृ निकायहरुद्वारा निर्माण गरिएका दुईदेखि पाँच कोठे शौचालयहरु उपलब्ध छन् । तर नियमित सरसफाइको अभावले शौचालयको दुर्गन्ध बढेको देखिन्छ । पानीको नियमित आपूर्ति नहुने समस्याले शौचालयहरुको दुरुपयोग भएको पाइयो । नियमित सरसफाइ गर्ने कर्मचारीको व्यवस्था नभएकोले शौचालयहरु जीर्ण हुने क्रममा छन् । दुर्गन्ध र प्रदूषण रोकथाम गर्न कुनै पनि उपाय अवलम्बन गरिएको छैन । अन्य तीनवटा विद्यालयहरुमा स्थानीय प्रविधिमा निर्मित शौचालय प्रयोगमा रहेकोले सरसफाइको अभाव देखिन्छ । विद्यालयलाई स्वच्छ, सफा र सुन्दर राख्न शौचालयको आवश्यकता पर्दछ । असल बानीहरुको निर्माण गर्ने थलो विद्यालय हो । शौचालयको उचित प्रयोगले वातावरण स्वच्छ राख्दछ । अनुकुल शैक्षिक वातावरण कायम राख्न शौचालयको महत्वपूर्ण भूमिका हुन्छ ।

**खेलमैदान**

विद्यार्थीको शारीरिक, मानसिक, वौद्धिक र संवेगात्मक विकास गर्न शिक्षण सिकाइसँगै अतिरिक्त कृयाकलाप गराउनु पर्दछ । सोही तथ्यलाइ मनन् गरी विद्यालयहरुले खेलमैदानको व्यवस्था गरेका हुन्छन् । अध्ययनमा सामेल ३ वटा विद्यालयहरुको खेलमैदानको राम्रो अवस्थामा भएको पाइयो भने २ वटा विद्यालयको खेलमैदान उपयुक्त नभएको भेटियो । खेलमैदान भएका विद्यालयहरुले पनि खेलमैदानको उचित संरक्षण गर्न नसकेको देखिन्छ । खेलमैदानमा केही अभिभावकहरुले गाई, भैंसी तथा वाखा चराउने गरेको देखिएको छ । यसबाट खेलमैदान फोहोर हुने तथा खेलकुद सञ्चालनमा व्यवधान आइपर्ने अवस्था सृजना भएको छ ।

विद्यालयहरुको भवन निर्माण सम्बन्धमा धेरै विद्यालयहरुमा बनाइएका भवनहरु विद्यालयको आवश्यकता भन्दा बढी दाताको मापदण्ड अनुकुलका भएकाले थप भवन निर्माण स्थलको अभाव रहेको देखिन्छ । भवन निर्माणमा गुणस्तरीय निर्माण सामग्रीको प्रयोगको अभाव देखिन्छ । साँघुरा कक्षाकोठाहरु तथा उपयुक्त फर्निचरको अभावमा कक्षा सञ्चालन कठिन भएको देखिन्छ । अधिकांश विद्यालयहरुमा स्थानीय स्रोतको पिउने पानी उपयोग गरिने भएकाले पानी शुद्धीकरणको अभाव देखिएको छ । विद्यालयहरुमा शौचालय निर्माण गरिएको भए पनि शौचालयहरुको उचित व्यवस्थापनको अभाव भएका कारण शौचालयहरु फोहोर भएको, पानीको व्यवस्था नभएको देखिन्छ । यसले विद्यार्थीहरुको व्यक्तिगत स्वास्थ्यमा नकारात्मक प्रभाव परेको देखिन्छ । खेलमैदान तथा घेरावाराको उपयुक्त व्यवस्था नभउका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरुको सर्वाङ्गीण विकास गराउनमा समस्या रहेको देखिन्छ ।

**४.३.२ समस्याका कारणहरु**

भौतिक सुविधा विस्तारमा समस्या आउनुका कारणहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

**स्थायी आर्थिक स्रोतको अभाव**

साामुदायिक विद्यालयको भोतिक सुविधा विस्तारमा समस्या आउनुको मुख्य कारण विद्यालयको स्थायी आर्थिक स्रोतको अभाव रहनाले हो । विद्यालय शिक्षा पूर्ण निःबुल्क भएपछि विद्यदालयले आम्दानी गर्ने स्थायी आयस्रोत नै हुँदैन । ज्यादै कम विद्यालयहरुको जग्गा जमिन वा घर टहरा हुन्छ । त्यसकारण आर्थिक स्रोतको अभावमा भौतिक सुविधा विस्तार गर्न कठिन हुने गरेको पाइयो ।

**सरकारी अनुदानको अनियमितता**

नेपाल सरकारले विद्यालयको भौतिक सुविधा विस्तारका लागि आर्थिक अनुदान दिने गरेको भए पनि सो अनुदान नियमित रुपमा प्राप्त नहुने भएकाले एक पटक प्राप्त अनुदानबाट शुरु गरेको भौतिक संरचना निर्माण कार्य पूरा गर्न वर्षौं पर्खनु पर्ने हुन्छ । अर्को पटक अनुदान प्राप्त नगर्दै पहिले निर्माण शुरु गरेको संरचना जीर्ण भइसकेको हुन्छ ।

**समुदायमा सचेतनाको अभाव**

समुदायमा चेतनाको स्तर कम भएकाले विद्यदालयप्रति अपनत्वको भावना विकसित हुन सकेको पाइएन । विद्यालयको स्तरोन्नतिका लागि कुनै लगानी वा सहोग गर्न र विद्यालयको भौतिक संरचनाको संरक्षण गर्न समेत समुदाय सहयोगी हुने गरेको पाइएन ।

**सामुदायिक विपन्नता**

समुदायका आम सदस्यहरुको आर्थिक हैसियत कमजोर रहेका कारण पनि विद्यालयको भौतिक सुविधा विस्तारमा समस्या पैदा भएको पाइयो । इच्छा भएर पनि आर्थिक सहयोग पुऱ्याउन नसक्ने समुदायका सदस्यहरु मूलतः सामुदायिक विद्यालयका अभिभावकहरु हुने गरेकाले भौतिक सुविधा विस्तार प्रभावित भएको पाइयो ।

**उपयुक्त सरकारी नीतिको अभाव**

समुदायका सबल सदस्यहरुका छोराछोरीहरु सामुदायिक विद्यालयमा अध्ययन गर्ने वातावरण विकास गर्न सके सामुदायिक विद्यालयको भौतिक सुविधा मात्र नभई सर्वपक्षीय विकास हुन सक्छ । तर सरकारको यस किसिमको कुनै ठोस नीतिका

अभावमा हुनेखानेले संस्थागत विद्यालयमा र गरिबगुरुवाले सामुदायिक विद्यालयमा छोराछोरी पढाउने प्रचलन बढेकोले पनि समुदायिक विद्यालयको भौतिक सुविभा विस्तारमा प्रभाव पारेको छ ।

## ४.४ भौतिक सुविधा विस्तारमा भेल्नुपरेका समस्या समाधानका उपायहरु

भौतिक व्यवस्थापनको प्रमुख चुनौति सरकारबाट प्राप्त हुने आर्थिक अनुदान न्यून हुनु र सन्तुलित रुपले विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक विकास गर्ने स्पष्ट नीति बनाउन नसक्नु हो । सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनलाई प्रभावकारी बनाउन उपलब्ध सरकारी अनुदानलाई बढाउनु आवश्यक छ । यसको अलवा विद्यालयहरुले पनि आर्थिक स्रोतका लागि विभिन्न दातृ निकायहरुसँग सम्बन्ध स्थापना गरेर भौतिक पक्ष सुदृढ गर्ने कार्यक्रमहरु ल्याउन जरुरी छ । जिल्ला शिक्षा कार्यालयले विद्यालयको भौतिक सुविधा विस्तारका लागि अनुदान उपलब्ध गराउँदा उक्त अनुदानको सदुपयोग भए नभउको निर्क्यौल गर्ने निश्चित मापदण्ड तयार पार्नु पर्दछ ।

विद्यालयहरुले प्राप्त गरेको सरकारी अनुदानको प्रयोगमा पारदर्शिता ल्याउन जरुरी छ । भौतिक निर्माणका कार्यहरु सञ्चालन गर्दा विद्यालय व्यवस्थापन समितिले उपभोक्ता समिति गठन गरी उक्त समिति मार्फत निर्माण कार्य गर्ने र उक्त कार्यको आय व्यय विवरण सार्वजनिकीकरण गर्ने व्यवस्था गर्नु पर्दछ । विद्यालयले सरोकारवाला सबै पक्षहरुसँग समन्वय गरेर विद्यालयमा भौतिक निर्माणका कार्यहरु गर्न जरुरी छ ।

भौतिक व्यवस्थापनतर्फ भवन, कक्षाकोठाको अतिरिक्त शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला र कम्प्युटर जस्ता पक्षहरु भएको एक कार्यक्रम निर्माण गर्नुपर्ने र उक्त कार्यक्रमको कार्यान्वयन निश्चित समयावधिभित्र प्याकेजको रुपमा विद्यालयमा गराउन प्रभावकारी नीतिगत व्यवस्था सरकारले गर्न जरुरी छ । विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारको पूर्ण परिचालनको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरुले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्ने र यसका लागि आपसी सहमतिबाट आचारसंहिता तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## ४.५ प्राप्ति

विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समिति समितिको भूमिकाको पहिचान गरी शैक्षिक गुणस्तरमा यसको प्रभाव बारे विश्लेषण गर्ने उद्देश्य साथ सम्पन्न गरिएको प्रस्तुत अध्ययनमा सङ्कलित तथ्याङ्कको विश्लेषण पश्चात निम्नानुसारका प्राप्तिहरु प्रस्तुत गरिएको छ :

भौतिक सुविधा विस्तारका लागि विद्यालय व्यवस्थापन समितिले आर्थिकस्रोतको खोजी र उपयुक्त परिचालन गरेको, भौतिक निर्माणका लागि जनशक्ति परिचालन तथा निर्माण कार्यको अनुगमन गर्ने गरेको तथा भौतिक संरचनाको संरक्षणका लागि समुदायसँग सम्बन्ध विस्तार गर्ने, समुदायसँग निरन्तर सम्पर्क र सञ्चार कायम राख्ने, विद्यालय समुदाय अन्तरक्रिया सञ्चालन गर्ने, विद्यालयका गतिविधिहरुमा सरोकारवालाहरुको सहभागिताको वातावरण निर्माण गर्ने जस्ता कार्यहरु गरेको पाइयो ।

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुको विद्यालय भवनको अवलोकन गर्दा अधिकांश विद्यालयहरुका भवनहरु अनुपयुक्त, जीर्ण र कक्षा सञ्चालनका निमित्त असहज किसिमका पाइयो ।

अधिकांश विद्यालयका कक्षाकोठाहरु पुरानो शैलीका साँघुरा पाइयो ।

अधिकांश विद्यालयहरुको खेलमैदानको अवस्था कमजोर रहेको पाइयो ।

अधिकांश विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको प्रबन्ध गरिएको भए पनि केही विद्यालयको शौचालयको अवस्था ज्यादै कमजोर पाइयो ।

अधिकांश विद्यालयमा पिउने पानीको लागि असुरक्षित स्रोत इनार वा ट्युबवेल प्रयोग गरिएको पाइयो ।

अधिकांश विद्यालयहरुमा घेरावाराको राम्रो व्यवस्था भएको पाइएन ।

अधिकांश विद्यालयहरुमा फर्निचरको व्यवस्थापन कमजोर रहेको पाइयो । स्थानीय प्रविधिका काठका डेस्कबेञ्चहरु रहेका र पुराना एवं असजिला किसिमका

समेत पाइयो । विद्यार्थी संख्याको अनुपातमा डेस्क बेञ्चको संख्या कम रहेको समेत पाइयो ।

ज्यादै न्यून संख्याका विद्यालयका कक्षाकोठाहरुमा ह्वाइट बोर्डको व्यवस्था भएको पाइयो भने अधिकांश विद्यालयहरुमा ब्ल्याक बोर्डको प्रयोग गर्ने गरेको पाइयो

अधिकांश विद्यालयका कक्षाकोठाहरु उपयुक्त किसिमका नभएकोले कक्षा शिक्षणमा विद्यार्थी केन्द्रित विधिहरु प्रयोग गर्नका लागि अभिनय वा समूह कार्य जस्ता क्रियाकलापहरु गराउनका लागि कक्षाकोठाहरु उपयुक्त नभएको पाइयो । केही विद्यालयमा एउटै कक्षाकोठामा एकभन्दा बढी कक्षाका विद्यार्थीहरु राखी पढाउनु पर्ने भएकाले छलफल र प्रश्नोत्तर विधि समेत प्रयोग गर्न सकिने सुविधा नभएको पाइयो ।

कुनै पनि विद्यालयमा उपयुक्त हल नभएको कारण सांस्कृतिक कार्यक्रम गर्न सहज पाइएन र सुख्खा याममा विद्यालयको चौरमा सांस्कृतिक कार्यक्रम गर्ने गरेको पाइयो ।

भौतिक सुविधाको अवस्था राम्रो भएका विद्यालयको विद्यार्थी भर्ना, विद्यालय टिकाउपन र सिकाइ उपलब्धिको स्तर राम्रो रहेको पाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

विद्यालयको विकास भन्नु नै शैक्षिक प्रगतिका सूचकहरुमा हुने वृद्धि, आर्थिक एवम् भौतिक अवस्थामा आउने सुधार आदि पक्षहरु हुन् । यसका लागि विद्यालय व्यवस्थापन समितिका भूमिको महत्वपूर्ण हुने गर्दछ । उल्लेखित पक्षहरुमा के कति सुधार आउन सक्यो वा सकेन ? अन्य के कस्ता राम्रा र नराम्रा पक्षहरु रहेका छन् भन्ने विषयमा प्रस्तुत अध्ययनको सन्दर्भमा विभिन्न प्रकारका तथ्याङ्कहरु विभिन्न माध्यमद्वारा सङ्कलन गर्ने कार्य सम्पन्न भयो । विद्यालयका अभिलेखहरु तथा विद्यालयसँग सरोकार राख्ने विद्यालय प्रधानाध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ, स्रोतव्यक्ति तथा शिक्षाप्रेमी महानुभावहरुका अनुभव एवम् अधिकारिक धारणाहरुका तथ्याङ्कहरु सङ्कलन गरियो । सङ्कलित तथ्याङ्कहरुको आधारमा विद्यालयको भौतिक सुविधा विस्तारमा विद्यालय व्यवस्थापन समितिको भूमिकाको पहिचान गरी विद्यालयको शैक्षिक गुणस्तरमा भौतिक पक्षको प्रभावको विश्लेषण गरियो । सङ्कलित तथ्याङ्कको विश्लेषणका आधारमा निम्नानुसार निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

गुणस्तरीय शिक्षा शिक्षणका लागि विद्यालयमा आकर्षक र उपयुक्त कक्षाकोठा, फर्निचर, सिकाइ सामग्री, पुस्तकालय, कम्प्युटर जस्ता भौतिक संरचनाहरुको कलात्मक र वैज्ञानिक व्यवस्थापन हुनुपदर्छ । विश्वकै कम विकसित देशका विद्यालयहरुको कमजोर आर्थिक अवस्थाका कारण सीमित स्रोत र साधनलाई अधिकतम रुपमा सदुपयोग गर्नुपर्ने आजको आवश्यकता भएको छ । न्यून आर्थिक अनुदानले मात्र विद्यालयको भौतिक व्यवस्थापन गर्न कठिन भएको देखिन्छ । देशको ठूलो धनराशि विद्यालयको भौतिक संरचनामा खर्च भइरहेको छ । त्यतिकै मात्रामा स्थानीय अभिभावक, चन्दादाता तथा संघसंस्थाबाट प्राप्त अनुदान सहयोग समेत विद्यालयमा खर्च भएको देखिन्छ । यसरी वर्षेनी गरिने लगानीबाट शैक्षिक क्षेत्रका प्राप्त भएको प्रतिफल, भौतिक अवस्थाको सुधारले विद्यार्थीलाई विद्यालयप्रति गरेको आकर्षण

तथा भौतिक सुविधाको विस्तारले शैक्षिक गुणस्तरमा पारेको प्रभावको लेखाजोखा गर्ने क्रममा प्राप्त भएका तथ्याङ्क, सरोकारवालाहरुको अवधारणा र स्थलगत अध्ययन अवलोकनबाट प्राप्त विवरणको विश्लेषण गरी निस्केका तथ्यहरुलाई निष्कर्षको रुपमा यहाँ प्रस्तुत गरिन्छ ।

विद्यालयको भौतिक व्यवस्थापनमा विद्यालयको ६० प्रतिशत वजेट खर्च भएको देखिन्छ । यसभित्र सरकारी अनुदान र स्थानीय स्रोत दुवै पर्दछन् । आकर्षक र योजनावद्ध भौतिक विकास भएको विद्यालयको विद्यार्थी सङ्ख्यामा र सिकाइ उपलब्धिमा उल्लेख्य वृद्धि भएको देखिन्छ । ८० प्रतिशत विद्यालयको भौतिक पक्षको विकास असन्तुलित देखिन्छ । विद्यालयका केही भौतिक पक्षहरु राम्रो देखिए तापनि केही पक्षहरु नाजुक छन् । जस्तै भवन राम्रो छ, त्यसको व्यवस्थापनका लागि शैक्षिक सामग्रीको अभाव छ । भवन, खानेपानी, शौचालयको अवस्था कमजोर छ । खेलमैदान र कम्प्युटरको व्यवस्थापन औपचारिकतामा मात्र सिमित छ ।

समग्र भौतिक विकासमा ध्यान पुऱ्याएका विद्यालयप्रति विद्यार्थी र अभिभावकले गुणस्तरीय शिक्षा हुने कुराको विश्वास गरेको पाइयो र ती विद्यालयमा विद्यार्थी भर्ना गरेको पाइयो । त्यस्ता विद्यालयमा कक्षा छोड्ने दर कम रहेको र परीक्षा उत्तीर्ण दर समेत बढी रहेको पाइयो ।

अभिभावक र विद्यार्थीको विश्वासलाई कायम गराउन सन्तुलित भौतिक विकासमा विद्यालयले जोड दिनु पर्दछ । यसका लागि प्रशस्तै वित्तीय स्रोतको खोजी गर्नुपर्ने दखिन्छ । प्राप्त स्रोत साधनको सदुपयोग, संरक्षण तथा संबर्द्धनका लागि समेत विद्यालय व्यवस्थापन समितिले आवश्यक योजनाका साथ अगाडि बढ्नु पर्ने अवस्था रहेको छ ।

## ५.२ सुझावहरु

प्रस्तुत शोधकार्यको क्रममा प्राप्त तथ्याङकहरुको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षहरुको अध्ययनले नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि सुझावहरु यस प्रकार प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तह

भौतिक सुविधा विस्तारले शैक्षिक गुणस्तरमा पारेको प्रभाव शीर्षकमा गरिएको अध्ययनले सामुदायिक विद्यालयमा भौतिक सुविधाको अवस्था र विद्यार्थीको शैक्षिक उपलब्धिबीचको अन्तरसम्बन्ध के कस्तो छ भन्ने देखाइएको छ । शिक्षामा गरिने लगानी र सो लगानी अनुरुपको उपलब्धिको आधारमा प्रणालीगत विश्लेषण गर्दै नीति तथा कार्यक्रमहरु निर्माण गर्नुपर्ने देखिन्छ । भौतिक सुविधामा भवन निमार्णका कार्य मात्र नभएर शैक्षिक सामग्री, कम्प्युटर व्यवस्थापन, खेलमैदान, घेरावारा, फर्निचर, प्रयोगशाला जस्ता शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने समग्र तत्वहरु समावेश हुने हुनाले भौतिक व्यवस्थापन गर्दा उपरोक्त कुराहरुलाई पनि स्रोतको व्यवस्थापन गर्नुपर्ने, भवन, कक्षाकोठाको अतिरिक्त शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला र कम्प्युटर जस्ता पक्षहरु भएको एक कार्यक्रम शिक्षा मन्त्रालय स्तरमा नै निर्माण गर्नुपर्ने र उक्त कार्यक्रमको कार्यान्वयन निश्चित समयावधिभित्र प्याकेजको रुपमा विद्यालयमा गराउन शिक्षा विभागबाट प्रभावकारी नीतिगत व्यवस्था गर्न सुझाव दिइन्छ ।

### ५.२.२ अभ्यास तह

शैक्षिक क्षेत्रका लागि बनेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई अझ बढी प्रभावकारी बनाउन सरोकारवालाहरुलाई बढीभन्दा बढी जवाफदेही बनाउँदै विद्यालयले अनुगमन संयन्त्र निमार्ण गर्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयप्रति अभिभावकको विश्वास जगाउन उपलब्ध भौतिक पक्षको पूर्ण प्रयोग गर्ने तर्फ विद्यालयका प्र.अ., शिक्षक तथा कर्मचारीहरु लाग्नुपर्ने देखिन्छ । विद्यालयको भौतिक व्यवस्थापनमा जिल्ला शिक्षा कार्यालय मार्फत प्रदान गरिने सरकारी अनुदान पारदर्शी बनाइनु पर्छ । विद्यालयले दीगो आर्थिक स्रोतको खोजि गर्नु पर्छ । भौतिक पक्षमा गरिएको लगानीले पारेको प्रभावको बारेमा विद्यालयमा अन्तरकृया र समीक्षा गर्ने परम्पराको विकास गर्नु पर्दछ । भौतिक सुधारमा विद्यालयले लगानी वृद्धि गर्नु पर्दछ । दिगो भौतिक पूर्वाधार विकासमा जोड दिंदै नियमित अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी  बनाउनु पर्दछ । भौतिक पक्षको एउटा पाटोलाई मात्र सुधार गरेर  अभिभावक र विद्यार्थीको विश्वास लिन नसकिने भएकोले सन्तुलित भौतिक सुधारमा विद्यालय आफैंले जोड दिनु पदर्छ । विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारको

पूर्ण परिचालनको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरुले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्ने र यसका लागि आपसी सहमतिबाट आचारसंहिता तयार गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

**५.२.३ अनुसन्धान तह**

यो अध्ययनबाट प्राप्त तथ्याङ्कहरुबाट पहिचान गरिएका समस्याहरु तथा तथ्याङ्कको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षले समग्र देशभरिका सामुदायिक विद्यालयहरुको भौतिक सुविधा र शैक्षिक गुणस्तरको प्रतिनिधित्व गर्न सकोस् भन्ने अध्ययनको मूल आशय हो । यस अध्ययनबाट प्राप्त निष्कर्षहरु भौगोलिक विविधतामा पनि लागू हुन सक्छन् कि सक्दैनन् भन्ने प्रश्नको तथ्यपरक अवस्था प्राप्त गर्न थप अनुसन्धानको आवश्यकता पर्दछ । लगनीको स्रोत पहिचान, आर्थिक अनुशासन तथा पारदर्शिता, शैक्षिक लगानीप्रतिको दायित्व जस्ता विषयमा अझ अनुसन्धान गर्नु आवश्यक देखिन्छ । विद्यार्थी भर्नामा प्रभाव पार्ने अन्य कारक तत्व पनि हुन सक्ने अवस्था अध्ययनले औंल्याएको छ । तसर्थ विद्यार्थी भर्नामा प्रभाव पार्ने अन्य कारक तत्वहरुको समेत खोजी गरी थप अध्ययन अनुसन्धान गर्न सुझावका रुपमा प्रस्तुत गरिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, विष्णुप्रसाद (२०७२), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशीष बुक हाउस, वागबजार ।

काफ्ले, वासुदेव, श्रेष्ठ चन्द्रबहादुर, र सिन्हा, रामस्वरुप (२०६२), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, मुकुन्दमणि र आर्चाय, डा. सुशन, (२०६०), *शिक्षाको वितीय अर्थशास्त्र,* काठमाडौं : मकालु बुक्स सप्लायर्स ।

डंगोल, नारायणमान (२०६१), *समुदायद्धारा व्यवस्थापन भएका विद्यालयहरुको विगत र वर्तमान अवस्थाको तुलनात्मक अध्ययनः किर्तिपुर,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, काठमाडौं ।

दाहाल केशवप्रसाद (२०६१), *शिक्षामा विकेन्द्रीकरण र समुदाय विद्यालय व्यवस्थापन हस्तान्तरण,* शैक्षिक वर्ष ६ अंक २, काठमाडौं : मकालु प्रकाशन गृह ।

निरौला, सुभाष (२०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस, ताहचल, काठमाडौं ।

पौडेल, हेमराज (२०६३), *शिक्षा ऐन आठौं संसोधन,* डिल्लीवजार, काठमाडौं : मकालु प्रकाशन गृह ।

बरुवाल, पुष्पबहादुर (२०५६), *काठमाडौं जिल्लाका मा.वि. को शिक्षण सुधारमा प्र.अ.को भुमिका एक अध्ययन* : अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, काठमाडौं ।

शर्मा, गोपिनाथ (२०६६), *शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु प्रकाशन गृह ।

CSSP (२०६०), *समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य प्रणाली निर्देशिका,* काठमाडौं : लेखक ।

सिन्हा, रामस्वरुप (२०६२), *नेपालमा विद्यालय प्रशासन एक समीक्षा,* काठमाडौं : मकालु प्रकाशन गृह

सिग्देल भुवनप्रसाद (२०६२), *समुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्यक्रम अन्र्तगत सुर्खेत जिल्लामा सञ्चालित समुदायिक विद्यालयका समस्याहरु विश्लेषणात्मक अध्ययन,* सुर्खेत : सुर्खेत क्याम्पस ।

सिंह, नागेश्वर (२०६६), *शिक्षाको आधार,* काठमाडौं : पैरवी प्रकाशन ।

सिप्रेक (२०६४), *सामुदायिक विद्यालय व्यवस्थापन सचेतना,* हाते पुस्तिका १०१, काठमाडौं : नीतिगत अनुसन्धान परार्मश केन्द्र ।

सुवेदी, रामकृष्ण (२०६०), *समुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण : एक परिचय,* शैक्षिक उन्नयन वर्ष ५, २०६० पौष, काठमाडौं : मकालु प्रकाशन गृह ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०६६), *शिक्षाको परिचय,* भाग १, काठमाडौं : भुँडीपुराण प्रकाशन, बागबजार ।

# विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति
## अनुसूची-१
## (वि.व्य.स.र शि.अ.सं.को अध्यक्षसँग सम्बन्धित प्रश्नावली)

विद्यालयको नाम : ......................................................................

अध्यक्षको नाम : ......................................................................

सवैभन्दा वढी उपयुक्त उत्तरमा ठीक (✓) को चिन्ह लगाउनुहोस् :

१. तपाईको विद्यालयमा भौतिक सुधारको अवस्था कस्तो छ ?

(क) पर्याप्त (ख) अपर्याप्त

(ग) सुध्रिनलागेको (घ) थाहा छैन ।

२. तपाईको विद्यालयमा भौतिक सुधार गर्नका लागि आर्थिक स्रोत कहाँ कहाँवाट जुटाउनु हुन्छ ?

(क) आन्तरिक स्रोतवाट (ख) सरकारी स्रोतवाट

(ग) गैरसरकारी संस्थावाट (घ) समुदायवाट

३. तपाईले विद्यालयमा भौतिक सुधारका लागि समुदाय, शिक्षक विद्यार्थी र सरोकारवाला पक्षसँग वर्षमा कति पटक अन्तरक्रिया गर्नुहुन्छ ?

(क) एक पटक (ख) दुई पटक

(ग) तीन पटक (घ) चार पटक

४. तपाईको विद्यालयमा शैक्षिक क्रियाकलाप गर्नका लागि कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ ?

(क) पर्याप्त (ख) अपर्याप्त

(ग) काम चल्ने (घ) थाहा छैन

५. तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलाप गर्नका लागि उपलब्ध ठाउँको अवस्था कस्तो छ ?

(क) सजिलै गराउन सकिने (ख) गराउन असजिलो

(ग) काम चल्ने (घ) ठाउँ नै छैन

६. तपाईको विद्यालयमा विद्यार्थी पढाउने कक्षाकोठाको अवस्था के छ ?

(क) पर्याप्त (ख) अपर्याप्त

७. तपाईको विद्यालयमा विद्यार्थीका अनुपातमा खेलमैदान र खेलकुद सामग्रीको अवस्था कस्तो छ ?

(क) पुग्ने (ख) नपुग्ने

(ग) कामचलाउ (घ) थाहा छैन

८. तपाईको विद्यालयमा घेरावेराको स्थिति कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) जीर्ण (घ) छँदै छैन

९. तपाईको विद्यालयमा खानेपानीको स्थिति कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) जीर्ण (घ) छँदै छैन

१०. तपाईको विद्यालयमा शौचालयको स्थिति कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) जीर्ण (घ) छँदै छैन

११. तपाईको विचारमा विद्यालय भौतिक सुधारका समस्याहरु के के हुन सक्छन् ?

..........................................................................................................

..........................................................................................................

१२. विद्यालयको भौतिक सुधारमा देखापरेका समस्याहरुको समाधानको उपायहरु के के हुन् ?

..........................................................................................................

..........................................................................................................

## विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति
## अनुसूची -२
## (छनोट भएका विद्यालयका प्र.अ. तथा शिक्षकसँग सम्बन्धित प्रश्नावली)

विद्यालयको नाम :.........................

प्र.अ. तथा शिक्षकको नाम :.......................................

शिक्षण अनुभव वर्ष ..................... शैक्षिक योग्यता ..................

सबैभन्दा बढी उपयुक्त उत्तरमा ठीक (✓) को चिन्ह लगाउनुहोस् :

१. विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक सुधारमा कुन कुन कुरामा सहयोग पुऱ्याएको छ ?

(क). आर्थिक स्रोत जुटाउन (ख) सरोकारवाला पक्षसँग छलफल गर्न

(ग) सामग्रीहरु खरिद गर्न (घ) माथिका सवै

२. विद्यालयको भौतिक निर्माणको कार्यक्रममा विद्यालय व्यवस्थापन समिति कतिको उपस्थिति हुन्छ ?

(क) प्रत्येक पटक (ख) कहिले काँही

(ग) धेरै कम (घ) हुँदैहुँदैन

३. विद्यालयको भौतिक सुधारका लागि विद्यालय व्यवस्थापन समितिको कस कससँग अन्तरक्रिया गर्छ ?

(क) सरोकारवालासँग (ख) गैरसरकारी संस्थासँग

(ग) समुदायसँग (घ) सवैसँग

४. तपाईलाई अध्यापन कार्यमा असहज हुनुका कारण के हुनसक्छ ?

(क) तालिम नलिएको (ख) भौतिक अपर्याप्त भएकोले

(ग) विषयवस्तु कठिन भएकोले (घ) शैक्षिक सामग्री नभएकोले सी

५. भवनहरु शिक्षणको वातावरणका लाीग कति उपयुक्त छन् ?

(क) ज्यादै (ख) कम

(ग) सन्तोषजनक (घ) छैन

६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु विद्यालयको अवलोकन र निरीक्षण गर्न महिनामा कति पटक आउँछन् ?

(क) एक पटक (ख) दुईपटक

(ग) तीन पटक (घ) एकपटक पनि आउँदैन

७. विद्यालय व्यवस्थापन समितिका कतिजना पदाधिकारीहरुलाई विद्यालयको भौतिक अवस्था वारेमा जानकारी छ ?

(क) तीन जना (ख) छ जना

(ग) सवैलाई (घ) कसैलाई पनि होइन्

८. विद्यालय व्यवस्थापन समितिले पर्याप्त भौतिक सुधारका लागि कतिको पहल गर्नुहन्छ ?

(क) धेरै पटक (ख) प्रयासरत

(ग) कहिलेकाँही (घ) गर्दैगर्दैन

९. विद्यालयका भौतिक सुधारका लागि कस कससँग सम्वन्ध राख्नु पर्छ ?

..........................................................................................................

..........................................................................................................

१०. विद्यालयका भौतिक सुधारमा देखापरेका समस्याहरुको समाधानका उपायहरु के के हुन् ?

..........................................................................................................

..........................................................................................................

# विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति
## अनुसूची -३
## विद्यार्थीसँग सम्बन्धित प्रश्नावली

विद्यार्थीको नाम थर : .............

ठेगाना : ........................................................... कक्षा :...............

सवैभन्दा बढी उपयुक्त उत्तरमा ठीक (✓) को चिन्ह लगाउनुहोस् ।

१. तपाईंहरुको विद्यालयमा शैक्षिक र अतिरिक्त क्रियाकलाप गर्न कक्षाकोठा र खेलमैदानको अवस्था कस्तो छन् ?

(क) सजिलो (ख) अति सजिलो

(ग) कठिनाई (घ) अति कठिनाई

२. वर्षा हुँदा विद्यालयमा पढाइ कतिको हुन्छ ?

(क) सवै कक्षाकोठामा (ख) केही कक्षाकोठामा

(ग) अधिकांश कक्षाकोठामा (घ) कुनै पनि कक्षाकोठामा हुँदैन

३. तपाईंको कक्षाकोठामा विद्यार्थी वस्न पुग्ने फर्निचर कतिको छ ?

(क) पर्याप्त (ख) अपर्याप्त

(ग) नाम मात्रको (घ) छदैछैन्

४. विद्यालयको खेलमैदानको अवस्था कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) सुधार गर्दै (घ) नाम मात्रको

५. विद्यालयको शौचालयको अवस्था कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) सुधार गर्दै (घ) नाम मात्रको

६. विद्यालयको घेरावेराको अवस्था कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) सुधार गर्दै (घ) नाम मात्रको

७. विद्यालयको खानेपानीको अवस्था कस्तो छ ?

(क) व्यवस्थित (ख) अव्यवस्थित

(ग) सुधार गर्दै (घ) नाम मात्रको

८. विद्यालय व्यवस्थापन समितिले भौतिक सुधारका लागि के के पहल गरिरहेको छ ?

.......................................................................................................

.......................................................................................................

९. तपाईंको विचारमा विद्यालय व्यवस्थापन समितिले यस विद्यालयको भौतिक सुविधा विस्तारका लागि थप के के पहल गर्नुपर्छ ?

.......................................................................................................

.......................................................................................................

# विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति
## अनुसूची -४
## स्रोतव्यक्तिसँग सम्बन्धित प्रश्नावली

स्रोतव्यक्तिको नाम : .............

स्रोतकेन्द्रको नाम ...........

शैक्षिक योग्यता :...

ठेगाना : .................

सवैभन्दा बढी उपयुक्त उत्तरमा ठीक (✓) को चिन्ह लगाउनुहोस् ।

१. तपाईले विद्यालयहरुमा अनुगमन गर्दा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीहरुसँग पनि भेट हुन्छ ?

(क) प्रायः (ख) कहिलेकाँही

(ग) धेरैजसो (घ) हुँदैहुँदैन

२. विद्यालय कार्यक्रम र बैठकमा तपाईलाई आमन्त्रित गरेको अवस्था कस्तो छ ?

(क) धेरै जसो (ख) कहिलेकाँही

(ग) बोलाइँदैन (घ) प्रत्येक पटक

३. तपाईको स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुको भौतिक निर्माण कसको नेतृत्वमा हुन्छ ?

(क) प्र.अ.को. (ख) वि.व्य.स.को

(ग) शिक्षकको (घ) निर्माण समितिको

४. तपाईको स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुमा शैक्षिक क्रियाकलाप र अतिरिक्त क्रियाकलाप गर्न कक्षाकोठाको अवस्था कस्तो छ ?

(क) पर्याप्त (ख) काम चलाउ

(ग) सामान्य (घ) अपर्याप्त

५. तपाईको स्रोतकेन्द्र अन्तरगतका विद्यालयहरुमा विद्यार्थीहरुको उपस्थिति कस्तो छ ?

(क) सन्तोषजनक (ख) अत्यधिक

(ग) न्यून (घ) अति न्यून

६. तपाईको स्रोतकेन्द्र भित्रका प्राथमिक विद्यालयहरुको भौतिक सुधारको अवस्था कस्तो छ ?

(क) सन्तोषजनक (ख) सुधार गर्नुपर्ने

(ग) व्यवस्थित (घ)अव्यवस्थित

७. तपाईको स्रोतकेन्द्रभित्रका विद्यालयहरुमा प्रतिस्पर्धात्मक कार्यक्रमहरु कसको सभापतित्वमा सम्पन्न हुन्छ ?

(क) प्र.अ.को (ख) वि.व्य.स.को

(ग) विद्यार्थीको (घ) स्रोतव्यक्तिको

८. तपाईको स्रोतकेन्द्रभित्रका विद्यालयको भौतिक निर्माणमा कसको बढी भूमिका रहन्छ ?

(क) समुदायको (ख) शि.अ.सं.को

(ग) वि.व्य.स. को (घ) गा.वि.स.का.

९. तपाईको स्रोतकेन्द्रका विद्यालयहरुको भौतिक निर्माण नहुने कारणहरु के के हुन सक्छन् ?

..............................................................................................................

..............................................................................................................

१०. तपाईको स्रोतकेन्द्रका विद्यालयहरुको भौतिक सुधार गर्ने उपायहरु के के हुन सक्छन् ?

..............................................................................................................

..............................................................................................................

# विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति
## अनुसुची-५
## अवलोकन फारम

विद्यालयको नाम : ठेगाना :

| क.सं. | सूचक | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | |
| १ | वर्षमा अन्तरक्रिया संख्या | | | | |
| २ | जग्गाको क्षेत्र | | | | |
| ३ | वि.व्य.स.को गठन मिति | | | | |
| ४ | महिना बैठक | | | | |
| ५ | सञ्चालन कक्षा | | | | |
| ६ | विद्यार्थी सङ्ख्या | | | | |
| ७ | भवन | | | | |
| ८ | फर्निचरको सङ्ख्या | | | | |
| ९ | खेलमैदान | | | | |
| १० | शौचालय | | | | |
| ११ | घेरावेरा | | | | |
| १२ | पुस्तकालय | | | | |
| १३ | खेलसामग्री | | | | |
| १४ | खानेपानी | | | | |
| १५ | कक्षाकोठा | | | | |
| १६ | कार्यालय | | | | |

# विद्यालयको भौतिक सुविधा विस्तारमा व्यवस्थापन समिति
## अनुसुची-६
## कक्षोत्तीर्ण विद्यार्थीको विवरण

| शै. वर्ष २०७१ | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा | विवरण | विद्यालय | | | | |
| | | ज्यामिरगढी | हरि | शिशु साक्षर | डिगेन | कवि शिरोमणि |
| १ | भर्ना | ३६ | २७ | ३३ | १७ | २६ |
| | परीक्षामा सामेल | ३२ | २२ | ३३ | १४ | २६ |
| | उत्तीर्ण | २५ | १८ | ३० | १२ | २६ |
| | उत्तीर्ण प्रतिशत | ७८.१२ | ८१.८२ | ९०.९१ | ८५.७१ | १०० |
| २ | भर्ना | ३२ | २९ | ३६ | १९ | ३४ |
| | परीक्षामा सामेल | ३० | २५ | ३५ | १३ | ३४ |
| | उत्तीर्ण | २५ | २२ | ३१ | १० | ३४ |
| | उत्तीर्ण प्रतिशत | ८३.३३ | ८८ | ८८.५७ | ७६.९२ | १०० |
| ३ | भर्ना | ३३ | ३३ | ३२ | १५ | ४६ |
| | परीक्षामा सामेल | २८ | ३० | २८ | १४ | ४६ |
| | उत्तीर्ण | २२ | २५ | २५ | १२ | ४६ |
| | उत्तीर्ण प्रतिशत | ७८.५७ | ८३.३३ | ८९.२९ | ८५.७१ | १०० |
| ४ | भर्ना | ३० | ४० | ३६ | २१ | ६० |
| | परीक्षामा सामेल | २६ | ३६ | ३० | १७ | ६० |
| | उत्तीर्ण | २० | ३० | २६ | १३ | ६० |
| | उत्तीर्ण प्रतिशत | ७६.९२ | ८३.३३ | ८६.६७ | ७६.४७ | १०० |
| ५ | भर्ना | २९ | ३१ | २३ | ११ | ६६ |
| | परीक्षामा सामेल | २२ | २६ | २० | ८ | ६६ |
| | उत्तीर्ण | १५ | २२ | १६ | ६ | ६६ |
| | उत्तीर्ण प्रतिशत | ६८.१८ | ८४.६२ | ८० | ७५ | १०० |
| १-५ | भर्ना | १६० | १६० | १६० | ८३ | २३२ |
| | परीक्षामा सामेल | १३८ | १३९ | १४६ | ६६ | २३२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्तीर्ण | १०७ | ११७ | १२८ | ५३ | २३२ |
| | उत्तीर्ण प्रतिशत | ७७.५४ | ८४.१७ | ८७.६७ | ८०.३ | १०० |
| **शै. वर्ष २०७२** | | | | | | |
| १ | भर्ना | ३२ | २२ | ३३ | १४ | २६ |
| | परीक्षामा सामेल | ३० | १९ | ३० | १० | २५ |
| | उत्तीर्ण | ३० | १९ | २५ | १० | २५ |
| | उत्तीर्ण प्रतिशत | १०० | १०० | ८३.३३ | १०० | १०० |
| २ | भर्ना | २५ | १८ | ३० | १२ | २६ |
| | परीक्षामा सामेल | २३ | १६ | ३० | ११ | २६ |
| | उत्तीर्ण | २२ | १५ | २७ | ११ | २६ |
| | उत्तीर्ण प्रतिशत | ९५.६५ | ९३.७५ | ९० | १०० | १०० |
| ३ | भर्ना | २५ | २२ | ३१ | १० | ३४ |
| | परीक्षामा सामेल | २२ | २० | २७ | ९ | ३३ |
| | उत्तीर्ण | २० | १९ | २७ | ८ | ३३ |
| | उत्तीर्ण प्रतिशत | ९०.९ | ९५ | १०० | ८८.८९ | १०० |
| ४ | भर्ना | २२ | २५ | २५ | १२ | ४६ |
| | परीक्षामा सामेल | २१ | २३ | २३ | १२ | ४२ |
| | उत्तीर्ण | २० | २१ | २१ | १० | ४२ |
| | उत्तीर्ण प्रतिशत | ९५.२४ | ९१.३ | ९१.३ | ८३.३३ | १०० |
| ५ | भर्ना | २० | ३० | २६ | १३ | ६० |
| | परीक्षामा सामेल | २० | २५ | २४ | १२ | ५५ |
| | उत्तीर्ण | १८ | २५ | २४ | ११ | ५५ |
| | उत्तीर्ण प्रतिशत | ९० | १०० | १०० | ९१.६७ | १०० |
| १-५ | भर्ना | १२४ | ११७ | १४५ | ६१ | १९२ |
| | परीक्षामा सामेल | ११६ | १०३ | १३३ | ५४ | १८३ |
| | उत्तीर्ण | ११० | ९९ | १२३ | ५० | १८३ |
| | उत्तीर्ण प्रतिशत | ९४.८३ | ९६.१२ | ९२.४८ | ९२.५९ | १०० |